# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गोसाँइकुण्ड गाउँपालिका
## रसुवा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

गोसाँइकुण्ड गाउँपालिका

रसुवा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

गोसाँइकुण्ड गाउँपालिका

रसुवा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ । वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरूजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रूपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
बागमती प्रदेश

**मितिः२०८१।०२।०८**

प.सं. २०८०।८१
च.नं. ६६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,
गोसाईकुण्ड गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय,
रसुवा।

**१. कैफियत सहितको राय** – हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**१. कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १ करोड ५९ लाख ३ हजार बेरूजू देखिएको छ । सो सम्बन्धमा असुल गर्नुपर्ने रू. ५२ लाख ६६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३४ लाख १४ हजार र नियमित गर्नुपर्ने रू. ७२ लाख २३ हजार समेत रू. १ करोड ५९ लाख ३ हजार रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रू. ५ करोड ६८ लाख ७७ हजार बेरूजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजू रू. ७ करोड २७ लाख ८० हजार रहेको छ । यस गाउँपालिकाको बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरूजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

**२. अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्रासि र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

३.	**वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवार यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

४.	**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(शंकर प्रसाद पन्थी)
**नायब महालेखापरीक्षक**

## गोसाईकुण्ड गाउँपालिका,
## रसुवा

१. चालु वर्ष २०७९।८० को बेरूजु

### बेरूजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरूजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरूजु | | | बेरूजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५९ | ४३ | १५९०३ | ० | ० | ० | ५९ | ४३ | १५९०३ | ५२६६ | ७२२३ | ३४१४ | ० | ० | १०६३७ | ० |

२. अद्यावधिक बेरूजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरूजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरूजु | यो वर्षको बेरूजु | कुल बेरूजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रसुवा | ५७९३१ | ० | १०५३ | ५६८७८ | ० | १५९०३ | ७२७८१ |

३. बेरूजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरूजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | प्रतिक्रिया नआएको | | |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | | प्रमाण | १००६ |
| | २०७७।७८ | | दाखिला | ४७ |
| | गत विगतको जम्मा | | | १०५३ |
| | कुल जम्मा | | | **१०५३** |

गाउँपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

१ **(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गोसाईकुण्ड गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, २७ सभा सदस्य, ९७८।७७ वर्ग किलोमिटर क्षेत्रफल तथा ७ हजार १४३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि मिति २०८०।५।२० देखि मिति २०८०।५।२६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय - व्ययतर्फ रू. ५०,८२,४९,५१८.७३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रू. ३३३९० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रू. |
|---|---|---|
| १ | विविध खर्च खाताबाट बढि भुक्तानी रकम असुल भइ राजश्व दाखिला भएको | ३००० |
| २ | दोहोरो दैनिक भत्ता वितरण गरेको रकम असुल भइ राजश्व दाखिला भएको | २००० |
| ३ | नपाउने स्थानीय भत्ता असुल भइ राजश्व दाखिला भएको | १५३०० |
| ४ | नपाउने वैठक भत्ता भुक्तानी रकम असुल भइ राजश्व दाखिला भएको | ७१४० |
| ५ | स्थानीय भत्ता बढि वितरण गरेको रकम असुल भइ दाखिला भएको | ५९५० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **आर्थिक विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । गाउँपालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छ -

• गाउँपालिकाले गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी सञ्चितकोषको खाता राखेको छैन। गाउँपालिकाले लेखापरीक्षणको लागि पेश गरेको एकीकृत आर्थिक विवरणमा सञ्चितकोषको आम्दानी रू. ५०८२४९५१८.७३ उल्लेख गरेको छ ।गाउँपालिकाको लेखाप्रणाली व्यवस्थापन गर्ने SUTRA प्रणालीको म.ले.प.फा.न. २७२ मा सञ्चितकोको आम्दानी रू. ३५१४२८०२९.९९ देखिन्छ भने सोही प्रणालीको सञ्चित कोषको अवस्था देखिने अनुसूची १० मा सञ्चितकोषमा यो वर्ष रू. ३४३९१४९२.।९९ प्राप्त भएको उल्लेख छ। विभिन्न प्रतिवेदनमा सञ्चित कोषको हिसाव फरक फरक देखिएकोमा गाउँपालिकाले खाता अद्यावधिक गरी हिसाव समायोजन गरेको छैन । सञ्चित कोषको हिसाव यकिन हुने गरी अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

• म ले प फाराम २७२ को अनुसुची १५ मा विभिन्न कोषहरूको शुरू मौज्दात रू ९३०५५७८.०५ देखिएको छ । पालकाले म्यानुअल तयार गरी पेस गरेको एकिकृत आर्थिक विवरणमा कोषहरूको शुरू मौज्दात रू ८३०५५७८.०५ देखाएको छ । गाउँपालिकाले प्रकोप व्यवस्थापन कोषमा रू ३९७४२०७.५५ एकिकृत आर्थिक विवरणमा गत वर्षको मौज्दात देखाएकोमा म ले प २७२ मा प्रकोप व्यवस्थापन कोषमा शुरू मौज्दात रू ४९७४२०७.५५ देखाएको छ । यसरी शुरू मौज्दात सम्वन्धमा

एकिकृत आर्थिक विवरण र म ले प २०७२ मा रू १० लाखको फरक देखिएकोले कोषको हिसाव म ले प २७२ यथार्थ विवरण दिन सकेको देखिदैन ।

• गाउँपालिकाले पेस गरेको एकिकृत आर्थिक विवरणमा सञ्चित कोषको मौज्दात रू ६१३४८२९२.८० देखाएकोमा बैंक इस्टेटमेन्ट अनुसार रू ६१३६०८४८.८० देखाएकोले रू १२५५६.०० फरक देखिएको छ । साथै विविध खर्च खातामा आर्थिक वर्षको अन्त्येमा रू १६१८२०३.५० एकिकृत आर्थिक विवरणमा उल्लेख गरेकोमा बैंक स्टेटमेन्ट अनुसार विविध खर्च खातामा रू १६१९९०.५० बाँकि देखाइ रू १७००.०० फरक पर्न गएको देखिन्छ । यसरी दुइ खातामा एकिकृत आर्थिक विवरण भन्दा बैंकमा रू १४२५६.०० बढि मौज्दात देखिएको छ । म ले प २७२ को अनुसुची २४ मा गाउँपालिकाको श्रेस्ता अनुसार र बैंक अनुसार बाँकि वरावर देखाएको छ । जवकि सञ्चति कोष र विविध खर्च खातामा बैंकमा भएको भन्दा कम भएको म ले प २७२ ले देखाएको छ । गाउँपालिकाले रू १२५५६.०० को साट्न बाँकि चेक भएको विवरण पेस गरेता पनि बैंक हिसाव मिलान गरेको छैन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको पुर्ण प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूची २ मा संलग्न छ ।)**

३ **बैंक हिसाव मिलान नगरेको -** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नु पर्ने उल्लेख छ । सो बमोजिम मासिक रूपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ । गाउँपालिकाले साट्न बाँकि चेकको कारण स्रेस्ता भन्दा बढि बैंक बाँकि रहेको जनाएको छ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | विविध खर्च खाता | १६,१८,२०३.५० | १६,१९,९०३.५० | १७०० |
| २ | स्धानीय तह धरौटी खाता | ४८,९९,३६६.०० | ४८,९९,३६६.०० | ०।०० |

| | | | | |
|---|---|---|---|---|
| ३ | स्थानीय तह सञ्चित कोष खाता | ६,१३,४८,२९२.८० | ६,१३,६०,८४८.८० | १२५५६ |
| ४ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ४८,१४,२०७.५५ | ४८,१४,२०७.५५ | ०।०० |
| | | ७,२६,८०,०६९.८५ | ७,२६,९४,३२५.८५ | १४२५६ |

| |
|---|
| सैद्धान्तिक बेरूजु |

४ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन -

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउगाउँपालिका तथा नगरगाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरू हुनुभन्दा पन्ध्र दिन अगावै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रू. ८ करोड ५५ लाख ७८ हजार खर्च लेखेको पाईयो ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रू ८ करोड ५५ लाख ७८ हजार खर्च लेखेको पाईयो ।

• गाउँपालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• गाउँपालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरूजु |
|---|

## ५ संगठन तथा व्यवस्थापन

५.१ **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । गाउँपालिकाले विभिन्न ४५ पदमा ७९ जना कर्मचारीहरू करारमा राखी रू.८२,७२,९३६ .०० खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम गाउँपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ५ पदमा ११ जना करार नियुक्ति गरी बर्षभरीमा रू ३५,५७,८५४.०० भुक्तानी गरेको अनियमित देखएको रू.

| अनियमित भएको | ३५,५७,८५४ |
|---|---|

५.२ **कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले हालसम्म कर्मचारी कल्याण कोषको कार्याविधि तयार नगरेको र कुनै रकम कट्टा गर्ने तथा गाउँपालिकाले जम्मा गर्ने गरेको छैन ।

| सैद्धान्तिक बेरूजु |
|---|

५.३ **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष रू ७३०८०० प्रोत्साहन भत्ता खर्च गरेको नियमसम्मत देखिदैन ।

| सैद्धान्तिक बेरूजु |
|---|

६ **अनुदान फिर्ता -** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रू ३ करोड ४२ लाख ५ हजार असार मसान्तमा नै गाउँपालिकाले फर्ता गरेको देखिन्छ । तर प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान मध्ये खर्च हुन

नसकेको रू ४०,४१,८४८ गाउँपालिकाको सञ्चित कोषमा नै जम्मा गरी राखेको देखिएकोले प्रदेश सरकारको सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रू .

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | १३५७८५ | ११६८४१ | १८९४४ |
| | विषेश | ० | ० | ० |
| | समपुरक | ० | ० | ० |
| | अन्य | ० | ० | ० |
| **प्रदेश सरकार** | शसर्त | २७०६२ | १७७६८ | ९२९४ |
| | विषेश | ३२०० | ३१०० | १०० |
| | समपुरक | २०२९४ | १४४२७ | ५८६७ |
| | अन्य | ० | ० | ० |
| | **जम्मा** | **१८६३४१** | **१५२१३६** | **३४२०५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,४१,८४८ |

७ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्त भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्ष २ दर्ता भएकोमा १ वटा मात्र फछ्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

## ८ आर्थिक सहायता र विविध खर्च

८.१ **खाना तथा विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रू ९ लाख ७९ हजार खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

८.२ **आर्थिक सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । गाउँपालिकाले आर्थिक अवस्था कमजोर भएको र विरामीहरूलाई औषधि उपचार प्रयोजनको लागि यो वर्ष ८ व्यक्ति एवं संघ संस्थालाई रू ९,१४,८४४ आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

९ **पूँजिगत खर्चबाट चालु प्रकृतिका खर्च -** पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरूत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। गाउँपालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रू.३२९५१४२ भुक्तानी दिएको पाईयो ।

| **गो भौ नं र मिति** | **भुक्तानी पाउने संस्थाको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| ११६।२०८०।२।१ | मेलिना राई | गायन खर्च | १७६४७० |
| ११८।२०८०।२।१६ | | साउण्ड सिस्टम खर्च | १००००० |
| १२६।२०८०।२।२३ | गुरू ट्राभल्स | रारा भ्रमण | ४६७४९५ |
| १३६।२०८०।२।२५ | नविन कन्स्ट्रक्सन | ठाडे आमा समुह भाडा खरिद | ५९७६२८ |
| १५४।२०८०।३।१ | विभिन्न व्यक्ति र संस्था | गाउँपालिका अध्यक्ष कप कार्यक्रम | १६२३५४९ |
| २५५।२०८०।३।१५ | तेन्जेन लामा | खेलकुद कार्यक्रम | १५०००० |
| २२७।२०८०।३।१५ | ङवाङ तेन्जेन लामा | साधुङ खरिद | १८०००० |
| | **जम्मा** | | ३२९५१४२ |

गाउँपालिकाले योजना छनौट गर्दा नै उत्पादन वृद्धि संगसंगै रोजगारीसमेत सिर्जना हुने गरी योजनाको छनौट तथा कार्यान्वयन गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

१० **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरगाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

११ **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

११.१ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री प्रतिमा तामाङले २०७९।३।१० गते रू ४८ करोड ५३ हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरूजु

११.२ **चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रमा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रू.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1 | सघीय तर्फ पुजिगत खर्च | १४७५० | ० | ३९७ | १४३५२ | १०८५२ |
| 2 | प्रदेश तर्फ पुजिगत खर्च | ३१८६८ | ० | ० | ३१८६८ | १९२८२ |
| 3 | गाँउगाउँपालिका तर्फ पुजिगत खर्च | १२८७०७ | ३८०३ | १५८९१ | १०९०१२ | ५०८३१ |
| | कूल खर्च- | १७५३२६ | ३८०३ | १६२८८ | १५५२३३ | ८०९६५ |
| | खर्च प्रतिशत | १०० | २।१७ | ९।२९ | ८८।५४ | ४६।१७ |

सैद्धान्तिक बेरूजु

११.३ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।गाउँपालिकाले आर्थिक विकासमा कुल खर्चको जम्मा ५।९८ प्रतिशत मात्र खर्च गरेको देखिन्छ । सामाजिक क्षेत्र र पूर्वाधार विकास क्षेत्रमा तोकिएको बजेटको तुलनामा न्यून खर्च भएको देखिन्छ । वातावरण तथा विपद व्यवस्थापन र वित्तिय व्यवस्थापन तर्फ गाउँपालिकाले बजेट नै छुट्याएको देखिदैन। प्रशासनिक खर्च तर्फ कुल खर्चको २३।७४ प्रतिशत खर्च गरेको देखिन्छ । गाउँपालिकाले विनियोजन दक्षता र खर्च कुशलता बढाउनु पर्दछ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट हजारमा | खर्च रकम हजारमा | बजेटको तुलनामा खर्च प्रतिशत | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| आर्थिक विकास | ३५२५० | २१४५० | ६०.८५ | ५.९८ |
| सामाजिक क्षेत्र | १५६५२३ | १३३३४७ | ८५.१९ | ३७.१९ |
| पूर्वाधार विकास क्षेत्र | १५३६९६ | ११३८७८ | ७४.०९ | ३१.७७ |
| वातावरण तथा विपद् व्यवस्थापन | ० | ० | ० | ० |
| संस्थागत विकास र सेवा प्रवाह | ० | ० | ० | ० |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८०६२ | ४७२९ | ५८.६५ | १.३२ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १२६५२३ | ८५११३ | ६७.२७ | २३.७४ |
| जम्मा | ४८००५४ | ३५८५१७ | ७४.६८ | १०० |

सैद्धान्तिक बेरूजु

११.४ **रकमान्तर -** गाउँपालिकाको आर्थिक ऐन २०७९ मा पूजीगत शिर्षकबाट चालु शिर्षकमा रकमान्तर गर्न नमिल्ने व्यवस्था रहेको छ । रकमान्तर गर्दा बढीमा १० प्रतिशत सम्म गर्न सकिने व्यवस्था भएकोमा गाउँपालिकाले विभिन्न ८३ वटा कार्यक्रमको ६२३८२३१४ रकम घटाई विभिन्न ८२ वटा कार्यक्रममा सोही रकम थप गरी रकमान्तर गरेको छ ।कुल बजेटको १३।१६ प्रतिशत रकमान्तर गरेकोमा देहायसनुसारको पूजिगत प्रकृतिको खर्चलाई रकमान्तरबाट चालु प्रकृतिको खर्चमा विभाजन गरी रू ४००००० खर्च गरेको देखियो । यसरी पुजिगत खर्चबाट चालु प्रकृतिको कार्यमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| सि.नं. | साविकको योजना | रकम | संशोधन गरिएको योजना | रकम |
|---|---|---|---|---|
| १ | क्याङजिन गुम्बा मर्मत | ५०००० | लाङटाङ ऐतिहासिक पुस्तक प्रकाशन(दोहोरो | ५०००० |
| २ | माने निर्माण वडा नं ४ | २५०००० | सांस्कृतिक परम्पराको माने गित प्रशिक्षण कार्यक्रम | २५०००० |
| ३ | लाज्या खोला काठेपुल निर्माण | ५०००० | पशुपालक कृषकहरूलाई खानेपानी पाईप उपलव्ध | १५०००० |
| ४ | क्यान्जीङ गुम्बा मर्मत | १००००० | | |
| | जम्मा | ४००००० | | ४००००० |

सैद्धान्तिक बेरूजु

११.५ **खर्च बिश्लेषण -** गाउँपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रू १ करोड २९ लाख र गत वर्षको जिम्मवारी रू ७ करोड ५९ लाख ५० हजार समेत रू ८ करोड ८८ लाख ५१ हजार , राजस्व बाँडफाँड र अनुदानबाट रू ३१ करोड ४३ लाख ८८ हजार समेत रू ४० करोड ३२ लाख ४० हजार आम्दानी भएकोमा चालु तर्फ रू १८ करोड ३१ लाख ९१ हजार र पूँजिगत तर्फ रू १७ करोड ५३ लाख २६ हजारसमेत रू ३५ करोड ८५ लाख १७ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३।५९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू ७० लाख ६० हजार खर्च भएको छ जुन आन्तरिक आयको ५४।७२ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५१।०९ प्रतिशत चालु र ४९।०१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि

खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

१२ **पेश्की-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि, २०७७ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्छ्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकम असुल गर्ने व्यवस्था रहेको छ ।देहायनुसारको शिर्षकमा दुई कर्मचारीले लिएको पेश्की असुल गर्नुपर्ने रू

| **भौ.नं./मिति** | **शिर्षक** | **नाम** | **रकम** |
|---|---|---|---|
| १।२०७९।४।१ | विविध खर्च | दावा सिंगी तामाङ | ५००० |
| १।२०७९।४।१ | सवारी साधन मर्मत खर्च | दावा सिंगी तामाङ | १०००० |
| १।२०७९।४।१ | विविध खर्च | सञ्च बहादुर तामाङ | ५००० |
| | जम्मा | | २०००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

१३ **उपभोक्ता समितिबाट मालसामान खरिद-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा निर्माण कार्य वा सो सम्वन्धी सेवा सोही स्थानमा बसोबास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था छ । गाउँपालिकाले गो भौ नं १०५ मिति २०८०।२।१० बाट धर्म संस्कृति संरक्षण कार्यक्रम उपभोक्ता समितिबाट विभिन्न सामान खरिद गरी उक्त समितिलाई रू ४००००० भुक्तानी गरेको देखियो । नियमावलीले गरेको व्यवस्था विपरित उपभोक्ता समितिबाट मालसामान खरिद गरेको नियमसम्मत नभएको रू

| | |
|---|---|
| अनियमित भएको | ४,००,००० |

१४ **बढि भुक्तानी-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ वोजिमिम निर्माण कार्य गर्दा उपयुक्त नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।गाउँपालिकाले दावा एण्ड तेन्जिन निर्माण सेवाबाट ओबो सडक निर्माण कार्य गराउदा लागत अनुमान तयार भवनको नर्म्स प्रयोग गरी निर्माण कार्य गरेको देखियो ।गो भौ नं १९७ मिति २०८०।३।७ गाउँपालिका पूँजीगतबाट लागत अनुमान तयार गर्दा नै पिसिसि र मेशिनरी वालको निर्माणमा वास्तविक लागत दर भन्दा बढिको दर राखी लागत अनुमान तयार गरेको र निर्माण व्यावसायीले ०।००९ प्रतिशत मात्र घटि कवोल गरी निर्माण कार्य गरेको

देखिएकोले पिसिसि २ घ मि र मेशिनरी ३९ घ मि को क्रमश रू १२०८१ र रू १०७३० का दरले काम गराउनुपर्नेमा रू १५०३३ र रू १२१४१ मा काम गराएकोले वास्तविक भुक्तानी हुनुपर्ने भन्दा रू ७९१९१ बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७९,१९१ |

१५ **फरक नर्म्सको प्रयोग -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन सकिने व्यवस्था छ । साथै खरिद ऐनको दफा ५ वमोजिम निर्माण कार्यको तोकिए वमोजिमको नर्म्स प्रयोग गरी लागत अनुमान बनाउनुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले सडक निर्माण कार्यमा सडकको स्वीकृत नर्म्स प्रयोग नगरी भवनको नर्म्स प्रयोग गरेको देखियो । सडक विभागको स्विकृत नर्म्सको प्रयोग नगरी फरक नर्म्स प्रयोग गरेर उपभोक्ता समितिहरूसंग गाउँपालिकाले खरिद सम्झौता गरेको र सोहि आधारमा नापी तथा कार्यसम्पन्न गरेर भुक्तानी गरेको देखिएकोले गाउँपालिकालाइ तपशिल वमोजिम थप व्ययभार परेको रू

| गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | आइटम | परीमाण | दिनुपर्ने दर | दिएको दर | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| २६।२०७९।११।७८ | नागुङ कृषि सडक उ स | मेशिनरी१-६ | २८८ | १०७३० | १२१४१ | ४०६३८६ |
| ३०।२०७९।११।२५ | धर्मछे वाङगल खाम्जिङ सडक उस | मेशिनरी१-६ | २०६ | १०८०९ | १२२२७ | २९२१०८ |
| ५०।२०७९।१२।१४ | रोङगा थुमन सडक उ स | मेशिनरी | ७६ | ११४७६ | १३०२८ | ११७९५२ |
| ५५।२०७९।१२।१४ | स्यार्फुवेशी बजार नाली निर्माण उ स | मेशिनरी १-४ | ८७ | ११५२४ | १३३०४ | १५४८६० |
| ८२।२०८०।१।२० | मिनरल वाटर नाली निर्माण उ स | मेशिनरी१-६ | ४५ | १०७७६ | १२१४७ | ६१६९५ |
| १२०।२०८०।२।१७ | बोर्डिङ छोर्लेन उ स | मेशिनरी१-६ | ४४ | १०८१३ | १२२३२ | ६२४३६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३४।२०८०।२।२५ | लिङलिङ पेल्को देखि वृद्दिम उ स | पिसिसि १-१।५-३ | ५७ | १७५१४ | २२११४ | २६२२०० |
| | | मेशिनरी१-६ | ५८ | ११४७५ | १४११२ | १५२९४६ |
| १७०।२०८०।३।३ | वडा नं ६ डम्पिङ साइड जाने सडक | मेशिनरी१-६ | ६८ | १०७३५ | १२१४६ | ९५९४८ |
| १३।२०८०।२।३० प्रदेश पुजी | उचाङ डाडा देखि पाउडाडा सम्म उस | पिसिसि १-२-४ | ९५ | १५३०४ | १८८९९ | ३४१५३५ |
| **जम्मा** | | | | | | १९४८०५६ |

| | |
|---|---|
| अनियमित भएको | १९,४८,०५६ |

१६ **पोसाक खरिद-** गाउँपालिकाले सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण विधार्थिको लागि निशुल्क पोशाक वितरण कार्यक्रम राखेर इसिडि देखि कक्षा १२ सम्मको विधार्थीको लागि ५३७७०४३ को लागत अनुमान वनाइ बोलपत्रको माध्यमबाट ४७६२२६६ मा लक्की ए एस इन्टरप्राइजेजसंग खरिद सम्झौता गरेको देखिन्छ । यसमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन् ।

१६.१ **कपडा मौज्दात-** गाउँपालिकाले खरिद गरेको कपडा सप्लायर्सले विद्यालयमा नै गइ नापी गरेर कपडा सिलाई गरेको अवस्थामा लेखापरीक्षण अवधिसम्म समेत तपशिल वमोजिमको कपडा वितरण हुन नसकि जिन्सी मौज्दातमा नै रहेको देखिन्छ । यसरी विद्यार्थिलाई नापी गरी खरिद गरेको कपडा वितरण नगरी जिन्सीमा मौज्दातमा राखी वितरण नगरेको र फरक विद्यार्थिलाई नापी गरी फरक विद्यार्थलाई वितरण गर्ने कार्यलाई नियमसम्मत मान्न सकिदैन । विद्यार्थिलाई स्कुल ड्रेस वितरण गरेको प्रमाण पेस गर्नुपर्ने रू

| **गो भौ नं र मिति** | **मौज्दात** | **रकम** |
|---|---|---|
| ज्याकेट | २२० | २३६५०० |
| पाइन्ट | १०१ | ७४९६० |
| बेल्ट | १०१ | १२९३५ |
| स्वीटर | १०१ | ७१२२५ |
| कोट | १०३ | २४२०५० |

| | | |
|---|---|---|
| टाइ | १०१ | १४६४५ |
| सर्ट | १०१ | ६१११० |
| **जम्मा** | | **७१३४२५** |
| **मु अ कर समेत** | | **८०६१७०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,०६,१७० |

१६.२ **आवश्यकता पहिचान-** गाउँपालिकाले सामुदायिक विद्यालयमा इसिडि देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीका लागि सर्ट पाइन्ट स्वीटर ज्याकेट टाइ बेल्ट र कोट वितरण गर्दा १५ सामुदायिक विद्यायलमा कार्यरत ११११० जना विद्यार्थिको लागि ड्रेस वितरण गर्ने गरी लागत अनुमान तयार गरी खरिद सम्झौता गरी सप्लायर्सलाई सम्बन्धित विद्यालयमा नापी गरेर कपडा सिलाएकोमा वितरणको भर्पाइ परीक्षण गर्दा जिन्सी मौज्दातमा १०१ सेट कपडा बाँकि देखिन्छ । सप्लायर्सले विद्यालयमा गएर सबै विद्यार्थिको नाप लिएर नापी गरेको भन्ने नै एकिन हुन सकिएन । गाउँपालिकाले वास्तविक विद्यार्थिको पहिचान नै गर्न सकेको देखिदैन ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

१७ **सोलार खरिद -** गाउँपालिकाले वडा नं ५ र ६ मा सोलार जडान गर्नका लागि गाउँपालिकाले बजेट व्यवस्थापन गरी बोलपत्रको माध्यमकाट खरिद गरेको देखिन्छ ।उज्यालो उर्जा प्रालिबाट १०१ सेट सोलार रू ७७३६४८२ मा खरिद गरेको देखिन्छ । यसमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

१७.१ **स्पेशिफिकेसन अनुसार परीक्षण नभएको-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ वमोजिम खरिद सम्झौतामा भएका मालसामान आपूर्ति गर्दा तोकिएको स्पेशिफिकेसन र गुणस्तर कायम भए नभएको परीक्षण गरेर मात्र स्विकार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सोलार प्यानल १४० हर्ज पावरको १०१ थान खरिद गर्ने गरी स्पेशिफिकेसन तयार गरेकोमा भुक्तानी गरेकोमा १५० हर्ज पावरको आपूर्ति गरेको देखिन्छ । तोकिएको स्पेशिफिकेसन भन्दा फरक सामान ल्याउनुको कारण सहितको निरीक्षण प्रतिवेदन पेस नभएकोले खरिद गरिएको सामानको स्पेशिफिकेसन अनुसार खरिद भएको छ भन्ने निरीक्षण प्रतिवेदन पेस नभएकोले तोकिएको स्पेशिफिकेसन अनुसार नै खरिद भएको छ भन्न सकिने अवस्था देखिएन ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

१७.२ **जडान प्रतिवेदन-** गाउँपालिकाले खरिद गरेका सोलारहरू वडा नं ५ को ठुलो स्यार्फुमा १० सेट कावलमा ३ सेट सानो भार्खुमा १३ सेट ठूलो भार्खुमा २० सेट तथा वडा नं नागुङमा ७ सेट मिनरल वाटरमा १०

सेट धुन्चेमा ५ सेट भिमलीमा १२ सेट र भोर्लेमा ५ सेट बोकेझण्डामा ५ सेट र ठाडेमा ११ सेट गरी १०१ सेट सोलार जडान गर्नेगरी खरिद सम्झौता गरेको देखिन्छ । गाउँपालिकाले कुन कुन ठाउँमा सोलार जडान गरेको भन्ने एकिन विवरण पेस गरेको छैन । गाउँपालिकाले खरिद गरेका सोलार तोकिएको स्थानमा जडान गरेको देखिने गरी प्राविधिक सहितको अनुगमन प्रतिवेदन पेस गर्नपर्दछ ।

सैद्धान्तिक बेरूजु

१८ **सवारी साधन खरिद-** अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गाउँपालिकाले ५ थान दुई पांग्रे सवारि साधन खरिदमा रू. १९१४९९५ तथा १ थान चार पांग्रे सवारी साधन खरिदमा रू. ७६४९९९९ समेत रू.९५६४९९४ खर्च गरेको छ ।गाउँपालिकाले आफ्नो आन्तरिक स्रोत बढाउन नसकेको अवस्थामा संघ र प्रदेश सरकारबाट प्राप्त अनुदानबाट सवारी साधन खरिद कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१९ **कन्टेन्जेन्सी खर्च-** सार्वनजनिक खर्चमा कन्टेन्जेन्सी रकमलाई व्यवस्थित गर्ने निर्देशिका २०७४ को वुदा ११ मा कन्टेन्जेन्सी रकमबाट हुने खर्चको लागत अनमान तयार गरी वर्कचार्ज र सानातिना अन्य खर्चमा के कति खर्च हुने हो लागत अनुमान तयार गरी योजनागत कन्टन्जेनसी खर्च खाता राखेरमात्र कन्टेन्जेन्सी खर्च लेख्नुपर्दछ । गाउँपालिकाले आफ्नो कन्टेन्जेन्सी सम्बन्धी कार्याविधि तयार नगरेको तथा कन्टेन्जेन्सीवाट खर्च लेख्दा लागत अनुमान तयार नगरेको र योजनागत कन्टन्जेन्सी खातासमेत नराखी तपशिल वमोजिम खर्च लेखेको छ । कार्याविधि तयार गरी कन्टेन्जेन्सी रकमबाट हुने खर्चको लागत अनुमान तयार गरी योजनागत खाता समेत राख्नुपर्दछ ।

| **गो भौ नं र मिति** | **विवरण** | **खर्च रकम** |
|---|---|---|
| २६।२०८०।३।९ प्रदेश | १६ जना कर्मचारीमको दैनिक भ्रमण खर्च | १४५०८० |
| २२।२०८०।३।५ | हाडवेयर एण्ड शिशा वाट सामाग्री खरिद | १४४०० |
| २०।२०८०।३।४ | सेल्स एण्ड सर्भिस सेन्टर | १९७५६ |
| ३१।२०८०।३।१४ | भ्रमण खर्च र सवारी मर्मत | ८०७७५ |
| ३३।२०८०।३।१५ | इन्द्रेणी ट्रेड लिङ्क सामाग्री खरिद | १५२५५ |
| ४१।२०८०।३।१८ | भ्रमण खर्च | १०९७३७ |

| | | |
|---|---|---|
| ४२।२०८०।३।१८ | भ्रमण र सामाग्री खरिद | ५३०१३ |
| ४७।२०८०।३।२३ | भ्रमण खर्च | ३४८०० |
| **जम्मा** | | **४७२८१६** |

| |
|---|
| सैद्धान्तिक बेरूजु |

२० **डण्डीको बढि भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिले गरेको कामको प्राविधिक मूल्यांकन नापी तथा विल भर्पाइ एकिन गरी खर्च अनुमोदन गरेर पेस भएपश्चात मात्र खर्द लेख्नुपर्दछ । गाउँपालिकाले सानो भार्खु सामुदायिक भवन भन्साघर तथा सौचालय निर्माण उपभोक्ता समितिलाई गो भौ नं ५ मिति २०८०।१।१४ बाट रू ४९०००००.०० लाख खर्च लेख्दा उपभोक्ता मितिले तपशिल वमोजिमको डण्डि खरिद गरेको बील पेस गरेकोमा नापी गर्दा खरिद गरेको भन्दा बढि नापी गरी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रू

| **डण्डिको प्रकार** | **बील अनुसार** | **नापी अनुसार** | **दर** | **बढि भुक्तानी** |
|---|---|---|---|---|
| १६ एमएम | १९१८ के जि | २३११ के जि | १४७ | ५७७७१ |
| १२ एमएम | २१३५ के जि | २४३३ के जि | १४७ | ४३८०६ |
| **जम्मा** | | | | **१०१५७७** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,५७७ |

२१ **निर्माण कार्यमा ढिलाई -** प्रदेश समपुरक बजेटबाट प्राप्त रकमबाट लाङटाङ वस्ती संरक्षण कार्यको लागि रू १२०००३४४.०० को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेकोमा गरिबी उद्धार ज्ञानेन्द्र घले एण्ड कुमार निर्माण सेवाले लागत अनुमान भन्दा ३२ प्रतिशत घटि कवोल रू ८०८३६९७.०० मा काम गर्ने गरी मिति २०८०।१।८ मा खरिद सम्झौता गरेको र २०८०३।६ मा कार्य सम्पन्न गर्नुपर्ने गरी कार्यदिश पाएकोमा हालसम्म समेत निर्माण कार्य सम्पन्न गरेको छैन । यसमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

२१.१ **म्याद थप-** खरिद सम्झौतामा म्याद थप गर्दा Compensesation Events र Variation भएको अवस्थामा खरिद कार्यको म्याद थप गर्न सकिने व्यवस्था छ । निर्माण व्यवसायीले खरिद कार्यको म्याद सकिने म्याद भन्दा २१ दिन अगाडी उल्लेखित कारण खुल्ने गरी दिनको हिसाव गरी निवेदन दिनुपर्ने र प्राविधिकले दैनिक डायरी तथा निर्माण व्यवसायीले पेस गरेको अद्यावधिक कार्यतालिका वमोजिम उपयुक्त लागेमा निर्माण कार्यको म्याद थप गर्न सकिने व्यवस्था छ । निर्माण व्यवसायीले २०८०।३।७ मा म्याद थपको निवेदन दिएको म्याद थप संगै निर्माण कार्यको वीमाको म्याद थप गर्नुपर्नेमा सो थप नगरेको कार्यसम्पादन

जमानतको म्याद त्रुटि सच्याउने अवधिभन्दा १ महिना बढिको हुनुपर्नेमा थपेको म्यादलाई खाम्ने गरी कार्यसम्पादन जमानतको म्याद नहुदाँ समेत पालिकले निर्माण व्यवसायीको म्याद थप गरेको देखियो । म्याद थप गर्दा उपयुक्त कारण नराखी लमसममा गरेको तथा म्याद थप २०८० ३।३० सम्म गरेकोमा कार्यासम्पादन जमानतको म्याद २०८१।५।३१ सम्म मात्र हुदाँ सम्झौताको म्याद २०८०।।६।२० सम्म थप गरेको नियमसम्मत देखिदैन । खरिद सम्झौताको शर्त र ऐन नियमावलीमा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

२१.२ **पेश्की भुक्तानी-** खरिद सम्झौताको वुदा नं ५७।३ मा निर्माण व्यवसायीलाई १० प्रतिशतसम्म पेश्की भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ । पेश्की भुक्तानी गर्दा ५ प्रतिशत सम्झौता गर्दा र बाँकि ५ प्रतिशत निर्माण व्यवसायी साइटमा मोविलाइज भएको सुनिश्चितता भएपश्चात भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले निर्माण व्यवसायीलाई गो भौ नं ७६ र ९४ बाट रू १६०००००.०० पेश्की भुक्तनी गरेको देखियो । सम्झौता रकमको १० प्रतिशतले रू ८०८६३९.०० सम्म भुक्तानी गर्नुपर्नमा सम्झौता भन्दा बढि भुक्तानी भएको पेश्की रकम असुल गर्नुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,९१,३६१ |

२२ **फरक शिर्षक खर्च-** आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८(२) वमोजिम स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम तथा सम्बन्धित खर्च शिर्षकमा परेको खर्च गर्न बाँकि रकम एकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले तपशिल वमोजिमका खर्चमा एक शिर्षकमा तोकिएकोमा बजेट तथा कार्यक्रम अकैं असम्बन्धी कार्यक्रममा खर्च गरेको तपशिल वमोजिमको खर्चलाई नियमसम्मत मान्न नसकिएको रू

| गो भौ नं र मिति | विवरण | गर्नुपर्ने शिर्षक | गरेको शिर्षक | भुक्तानी रकम |
|---|---|---|---|---|
| २४४।२०८०।३।२० | व्यामरा मर्मत | मर्मत | नागुङ कृषि सडक वडा नं ६ भवन र धुन्चे हिमाली छात्रावास | ३१६९३१ |
| २५२।२०८०।३।२१ | उज्यालो उर्जा वाट सामान खरिद | मेशिनरी औजार | वडा नं ६ को डम्पिङ साइड जाने बाटो | ९०००० |
| २५४।२०८०।३।३१ | विजुलीको सामान खरिद | मेशिनरी औजार | दाहाल फेदी सडकमा नाली निर्माण | ४३३३५ |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | | | | ४५०२६६ |

| | |
|---|---|
| अनियमित भएको | ४,५०,२६६ |

२३ **विल भर्पाई-** आर्थिक कार्याविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९(१०) वमोजिम खर्चको भुक्तानी गर्दा खर्चलाई पुष्टि हुने विल भर्पाइ संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । गाउँपालिकाले खर्च लेखेको तपशिल वमोजिमको भुक्तानीमा खर्चलाई पुष्टाइ गर्ने विल भर्पाइ संलग्न नदेखिएकोले खर्चलाई पुष्टाइ गर्ने कागजात पेस गर्नुपर्ने रू

| **गो भौ नं र मिति** | **व्यहोरा** | **भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|
| २३४।२०८०।३।९ | पाइप खरिद गरेको १६०० मिटर | १४७४९८ | गाउँपालिकाले खरिद गरेकोमा कहाँ प्रयोग भएको नखुलेको |
| २५०।२०८०।३।२१ | सिसि क्यामरा १६ थान खरिद | ४८७९११ | खरिद गरेका सिसि क्यामरा जडान नभएको |
| १६२।२०८०।३।३ | पाइप खरिद | २१०१७९ | पाइप खरिद गरेकोमा के कुन प्रयोजनमा प्रयोग भएको भर्पाइ नभएको |
| ४२४।२०८०।३।२१ | कम्प्युटर र प्रिन्टर खरिद | ३०२८४० | स्वास्थ्य चौकिलाइ ४।४ सेट खरिद गरेकोमा २ सेट हस्तान्तरण नभएको |
| जम्मा | | **९३५०१९** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,४८,४२८ |

२४ **खानेपानी निर्माण-** सार्वजनिक खरिद निमयावली २०६४ को नियम ९७(६) वमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायको हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भर्पाइ र खर्च प्रमाणित गरेको अन्य प्रमाण कागजात अनुमोदन गरी सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ । खानेपानी निर्माण उपभोक्ता समितिलाई भुक्तानी गरेको परीक्षण गर्दा उपभोक्ता समितिले पेस गरेको आइटमको विस्तृत नापी पेस नगरेको तथा गाउँपालिकाले समेत उपभोक्ता समितिलाई छुट्टै पाइप खरिद गरी तपिशल वमोजिमका पाइप खरिद गरेको देखिएकोले उक्त पाइपको जडान गरेको समेत नदेखएको तथा पाइप लेइङ गर्नका लागि खनेको तथा पुरेको समेत स्थान नै नखुलाई एकमुष्ठ नापी गरी भुक्तानी गरेको नियमसम्मत देखिदैन । उपभोक्ता समितिलाई भुक्तानी दिएको तपशिल वमोजिमको कामको चेजेन वा स्थान खुलाई विस्तृत नापी

पेस गर्नुपर्ने उल्लेख गरेकोमा गाउँपालिकाले विस्तृत नापी पेस गरेको देखिन्छ । पाइपको गुणस्तर परीक्षण गरेको नदेखिएको तथा गाउँपालिकाको उपाध्यक्षको नेतृत्वमा रहेको अनुगमन समितिले पुन- नापी गर्दा अनुगमन गरेको नदेखिएकोले अनुगमन समितिले पुन- खानेपानी आयोजनाको उपयोगिता सम्वन्धमा अनुगमन गर्नुपर्दछ ।

| गो भौ नं र मिति | उपभोक्ता समिति | आइटम | परिमाण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १९३।२०८०।३।७ | स्यो खानेपानी उ स | पाइप २० एमएम देखि ५० एमएम सम्म | ७४३० मिटर | ८९१११५ | २५एमएम र २० एमएमको मूल्य नखुलेको र सम्पूर्ण पाइपको जडान नखुलेको |
| | | खनेको | ४१३३ | ५६२६०३ | खनेको कुन कुन ठाउँमा नखुलेको |
| | | पुरेको | ४१३३ | १०२४१५ | पुरेको स्थान नखुलेको |
| २०५।२०८०।३।८ | क्यान्जिङ नाली तथा ढल उस | पाइप गाड्न खनेको | ८७ | ११३६२२ | स्थान कुनै नखुलाई लमसम नापी राखेको |
| | | पुरेको | २५ | ९९०० | |
| | | एचडिपी पाइप २८० एमएम | २६४ मिटर | ६२८३४४ | |
| **जम्मा** | | | | २३०७९९९ | |

सैद्धान्तिक बेरूजु

२५ **सोझै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रू.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रू.५ लाखभन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । गाउँपालिकाहरूले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि

नपनाइको निम्नानुसार सोझै खरिद गरेको देखिन्छ । खरिद कार्य गर्दा प्रतिस्पर्धात्मक विधीबाट खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| गो भौ नं र मिति | भुक्तानी पाउने | खरिदको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ४०।२०७९।११।२८ | न्यू भिजन ट्रडर्स प्रा लि | ल्यापटप कम्प्युटर खरिद | ८१३६०० |
| २५६।२०८०।३।२२ | पावर प्रोडक्सन हाउस प्रा लि | जिम क्लवका सामान खरिद | ९८९१७३ |

सैद्धान्तिक बेरूजु

## २६ उपभोक्ता समितिबाट निर्माण कार्य

२६.१ **योजना र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरूप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्-

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रू १ लाख भन्दा कमको योजना | ० | ० |
| २ | रू एक लाख एक देखि पाँच लाख सम्मका योजना | ३५ | १७६८२०५१ |
| ३ | रू ५ लाख देखि १० लाख सम्मका योजना | २१ | १४८०२४०६ |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | ३० | ५७७९३४३७ |
| ५ | ५० लाख भन्दा माथीका | ० | ० |
| | **जम्मा** | **८६** | **९०२७७८९४** |

सैद्धान्तिक बेरूजु

२६.२ **उपभोक्ता समिमितबाट निर्माण -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३)(ख) मा सार्वजनिक निकायले उपभोक्ता समितवाट निर्माण कार्यको लागत अनुमान तयार गर्ने स्वीकृत गर्ने प्राविधिक सल्लाह दिने नापजाच गर्ने तथा सुपरीवेक्षण र गुणस्तर नियन्त्रण गर्ने व्यवस्था खरिद सम्झौतामा उल्लेख गर्ने उल्लेख गरेको देखिन्छ । साथै उपभोक्ता समितिले जटिल प्रकृतिका कार्य गर्न नसकिने व्यवस्था नियमावलीको नियम ९७(९) मा व्यवस्था गरेकोमा गाउँपालिकाले ८६ उपभोक्ता समितिवाट रू ९ करोड २७ लाख वरावरको निर्माण कार्य गरेको देखिन्छ । प्राय जसो उपभोक्ता समितिले ढलानको कार्य मेशिनरी कार्य ग्याविनको कार्य तथा भवन निर्माण जस्ता जटिल प्रकृतिका कार्य गर्ने गरेकोमा उक्त निर्माण कार्यमा गर्नुपर्ने ल्याव परीक्षण नहुने हुदाँ उपभोक्ता समितिले गरेको कार्यमा गुणस्तर कायम हुन नसक्ने हुदाँ नियमावलीले गरेको व्यवस्था वमोजिम जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिवाट नगर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरूजु

२६.३ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन -नियमाबलीको ब्यबस्था अनुरूप कार्य गराउनुपर्दछ ।

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** | **प्रयोग गरेको हेभी उपकरण** | **हेभी उपकरणमा भएको खर्च** |
|---|---|---|---|---|---|
| ५।२०७९।८।११ | मन्दो देखि थुमन कृषि सडक निर्माण | सडक निर्माण | १४२५६०० | ६०७७०० | एक्साभेटर |
| ५०।२०७९।१२।१४ | रोङ्गा थुमन सडक स्तरउन्नति उ स | सडक निर्माण | १९००००० | १९२२१३ | एक्साभेटर |
| | **जम्मा** | | ३३२५६०० | ७९९९१३ | |

सैद्धान्तिक बेरूजु

२६.४ **जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ ।साथै नियमावलीको नियम ९७(१२) मा निर्माण कार्य सम्पन्न भएपश्चात सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाइ हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, मेशिनरी वाल, खानेपानी टंकी, ढलान, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य तथा उपभोक्ता समितिलाइ हस्तान्तरण नहुने सरकारी भवन निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराइ नियमावलीको व्यवस्था अनुरूप कार्य गराउनु पर्दछ ।

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ७७।२०८०।१।१९ | वडा नं ३ भवन निर्माण उस | वडा नं ३ भवन निर्माण | २८८०००० |
| ८०।२०८०।१।१९ | वडा नं ६ भवन निर्माण उ स | वडा नं ६ भवन निर्माण | १४९७६०० |
| १३०।२०८०।२।२४ | विद्यालय भवन निर्माण उ स | सरस्वती आ वि भवन निर्माण | ९६०००० |
| १५०।२०८०।२।३२ | वडा नं ५ भवन निर्माण उ स | वडा कार्यालय भवन | २३७६००० |
| १६४।२०८०।३।३ | सानो भार्खु तार घेरावार उ स | तार घेरावार | २८५१२०० |
| १७२।२०८०।३।५ | वडा नं १ भवन निर्माण उ स | थुमन १ नं वडा भवन निर्माण | २८५१२०० |
| १७६।२०८०।३।५ | धुन्चे क्लव निर्माण उ स | क्लव भवन निर्माण | २११६८०० |
| १६।२०८०।३।१ | खमजिङ स्वास्थ्य चौकि भवन निर्माण | स्वास्थ्य चौकि निर्माण | १९६०००० |

| | | | |
|---|---|---|---|
| १८८।२०८०।३।६ | लाङटाङ गुम्वा निर्माण उ स | गुम्वा निर्माण | ३२३१३६० |
| २१५।२०८०।३।११ | दोर्जे डाय माथि बुद्दमुर्ति निर्माण उ स | गुम्वा माथि मुर्ति निर्माण | २८३२००० |
| २२१।२०८०।३।२२ | ठूलो भार्कु सामुदायिक भवन निर्माण उ स | सामुदायिक भवन निर्माण | २४००००० |
| | **जम्मा** | | २५९५६१६० |

खरिद नियमावलीले गरेको व्यवस्था विपरित उपभोक्ता सतिमिले जटिल संरचना निर्माण कार्य गरेको जसको सार्वजिनक खरिद नियमावली २०६४ को नियम १११ वमोजिम कुनै गुणस्तर परीक्षण नभएको तथा उपभोक्ता समितिलाई हस्तान्तरण गर्न नमिल्ने सरकारी भवन निर्माण गराएको नियमसम्मत मान्न सकिदैन । यसरी निर्माण भएका संरचनाको गुणस्तर परीक्षण नभएकोले गुणस्तरीय कार्य भएको छ भन्न सकिदैन । निर्माण कार्यको गुणस्तर कायम गरी नियमावलीले गरेको व्यवस्था पालना गर्पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

२७ **प्रमाण कागजात -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ ।गो भौ नं ८१५ मिति २०७९।२।१० बाट गाउँपालिकाले ७५ प्रतिशत अनुदानमा मौरी सहित घार वितरण कार्यक्रममा रू.५४९८००.०० खर्च लेखेको छ । कार्यक्रम सञ्चालन गर्दा सूचना जारी गर्नुपर्ने, कृषक व्यक्ति/समूहहरूको परिचय खुल्ने प्रमाण सहितको शिफारिस भै आएका कृषकहरूलाई वितरण गर्नु पर्दछ । वडागत कृषक छनौट गरी समानुपातिक रूपमा वितरण हुनु पर्नेमा वडा नं.१ र २ मा वितरण भएको देखिएन । यी वडाहरूमा वितरण हुन नसक्नुको कारण खुलाइएको पाइएन । सूचनाको पहुँच पुगेको प्रमाण, वडावाट कृषक छनौट गर्दा नाम नामेसी र कृषकको परिचय समेत खुल्ने प्रमाण संलग्न नगरेकोले आगामी दिनमा सञ्चालित कार्यक्रममा उल्लेखित कुराहरू समावेश गरेर मात्र छनौट गरी समानुपातिक रूपमा वितरण गर्नेतर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

२८ **समानुपातीक वितरण -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । गो भौ नं ५४९ मिति २०७९।१२।७ बाट कार्यालयले सबै वडाका कृषकलाइ निःशुल्क स्याउको विरूवा वितरण गर्न ८११ विरूवा खरिद गरी वितरण गर्ने कार्यक्रममा रू.४८६६००.०० खर्च गरेको विल भरपाइ परिक्षण गर्दा कार्यालयले वडा वाइज सूचनाको पहुंच पुऱ्याई कृषकहरूको आवश्यकताको पहिचान गरी माग संकलन

गरी समानुपातिक रूपमा सबै वडामा विरूवा सम्बन्धित कृषक/फर्मलाइ वितरण गर्नुपर्नेमा ४ र ६ नं वडामा वितरण गरेको देखिएन । ती वडाहरूमा विरूवा वितरण हुन नसक्नुको कारण खुलाएको पाइएन । विरूवा लाने कृषकहरूको परिचय खुल्ने प्रमाण, विरूवा लगाउने जग्गाको क्षेत्रफल खुलेको प्रमाण नरहेकोले आगामी दिनमा यस्ता कार्यक्रम गर्दा उल्लेखित प्रमाण कागजात संलग्न गरी वितरण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरूजु

२९ **प्रमाण कागजात -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ ।गो भौ नं ५३६ मिति १०७९।१२।२ बाट सबै वडाका कृषकलाइ किवी २१० वोट र ओखर १५० वोट खरिद गरी वितरण गर्ने कार्यक्रममा रू.१२६०००.०० खर्च गरेको विल भरपाइ परिक्षण गर्दा कार्यालयले वडा वाइज कृषकहरूको आवश्यकताको पहिचान गरी माग संकलन गर्नुपर्ने, संकलित मागलाइ विषयगत शाखावाट मापदण्ड वनाइ खरिद गरिएका वोट विरूवा सम्बन्धित कृषक/फर्मलाइ वितरण गर्नुपर्नेमा ५ र ६ नं वडामा रहेका ५ वटा फर्मलाइ ५० देखि १०० वोटसम्म वितरण गरेको र अन्य वडाहरूमा विरूवा वितरण हुन नसक्नुको कारण खुलाएको पाइएन । विरूवा लाने कृषकहरूको परिचय खुल्ने प्रमाण, विरूवा लगाउने जग्गाको क्षेत्रफल खुलेको प्रमाण नरहेकोले आगामी दिनमा यस्ता कार्यक्रम गर्दा उल्लेखित प्रमाण कागजात संलग्न गरी वितरण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरूजु

३० **पदाधिकारी भ्रमण -** गाउँपालिका अध्यक्ष श्री कैसाङ नुर्पु तामाङ्गलाई मिति २०७९।७।२ देखि ९।३० सम्म पटक पटक गरी (९ पटक) रू.६८८००.०० र उपाध्यक्ष श्री प्रतिभा तामाङ्गलाइ विभिन्न मितिको भ्रमण आदेशानुसार रू.६६०००.०० भुक्तानी खर्च लेखेको छ ।गो भौ नं ३५४ र ६६२ बाट प्रदेश राजपत्र वागमती प्रदेश सरकारद्वारा प्रकाशित ऐनको दफा ७(७) मा भ्रमण गर्दा भ्रमणको उद्देश्य, कारण र भ्रमणवाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने छ । भ्रमणवाट फर्किएको सात दिन भित्र भ्रमणवाट प्राप्त उपलब्धी सहितको व्यहोरा समावेश गरी प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । प्रतिवेदन जारी नभएकोले आगामी दिनमा भ्रमण खर्च भुक्तानी गर्दा कानूनले व्यवस्था वमोजिम प्रतिवेदन लिएर मात्र भुक्तानी गर्ने व्यवस्था हुनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३१ **रितपूर्बकको कर बिजक -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । गो भौ नं २३० मिति २०७९।८।१२ बाट सवारी साधन मर्मत गरेको भनी न्यू अटो केयर (६०१९५८०९४) विदुर नुवाकोटलाई रू.९८५९२.०० (मू.अ.कर समेत) भुक्तानी भएकोमा निजले जारी गरेको विलमा विजक नम्बर हातले लेखेको पाइएकोले मू.अ.कर समायोजनको प्रमाण पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९८,५९२ |

३२ **गाडी भाडा -** गाउँपालिकामा दुइवटा गाडी हुंदा हुंदै एकै व्यक्तिसंग पटक पटक सम्झौता गरी विभिन्न मितिमा खर्च लेख्ने गरेको छ । केही खर्चको परिक्षण गर्दा कार्यालयमा गाडी हुंदा हुंदै सम्झौता गरी भाडामा लिनु पर्नाको स्पष्ट कारण स्पष्ट खुल्दैन । अत यस्तो खर्चमा मितव्ययिता कायम गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| **भौ.नं. मिति** | **विवरण** | **गाडी धनी** | **सम्झौता अवधी** | **सम्झौता दर प्रति दिन** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|
| २३५-८।१२ | सवारी साधन भाडा | दिन्डुप तामाङ्ग | ५।३१ देखि ६।१ सम्म (५ दिन) | ११११११ | ५५५५५५ |
| २७८-९।८ | सवारी साधन भाडा | दिन्डुप तामाङ्ग | ९।१,२,७,८।१० र ८।८ सम्म (५ दिन) | ११११११ | ५५५५५५ |
| ३०२-९।२५ | सवारी साधन भाडा | दिन्डुप तामाङ्ग | ९-१५,१८,२०,२४, २५ सम्म (५ दिन) | ११११११ | ५५५५५५ |
| ३७६-१०।२१ | सवारी साधन भाडा | दिन्डुप तामाङ्ग | १०-५,८,१८,२१ सम्म (४ दिन) | ११११११ | ४४४४४ |
| ९४१-२।३१ | सवारी साधन भाडा | दिन्डुप तामाङ्ग | २।१४,१६,१९,२२, २६,२७ सम्म (६ दिन) | ११११११ | ६६६६६६ |
| ९४४-२।३२ | सवारी साधन भाडा | दावा साङमो तामाङ | २।२८-३१ (४ दिन) | ११११११ | ४४४४४ |

| |
|---|
| सैद्धान्तिक बेरूजु |

३३ **प्रगति विवरण -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । गो भौ नं ११४ मिति २०८०।६।११ बाट गाउँपालिकाले पशुपंछी पालक कृषकलाइ निःशुल्क औषधी वितरणको लागी रू.९४९३३०.०० को खरिद गरी खर्च लेखेको छ । उक्त औषधीको खर्चको विवरणहरू हेर्दा कतिपय वडाहरूले लगेको औषधीको परिमाण नखुलाएको र प्रगती विवरण समेत तयार नगर्दा औषधी खर्चको यथार्थता एकिन गर्न नसिकने हुंदा स्वास्थ्य संस्थाले वुझेको औषधीको परिमाण र खर्च यथार्थ देखिने गरी स्रेस्ता अद्यावधिक गरी प्रगति विवरण तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३४ **फिल्ड भत्ता -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । प्रति महिना प्रति व्यक्ति रू.९३१९.०० खर्च लेखेकोमा प्राविधिक कर्मचारीहरूले फिल्डमा कति दिन कार्य गरे वापत पाउने भन्ने कुनै उल्लेख भएको पाइएन । केही प्राविधिक कर्मचारीहरूको हाजिरी परीक्षण गर्दा १५ दिन भन्दा वढी विदामा वसेको अवधीमा पनि मासिक रूपमा फिल्ड भत्ता पुरै दिने गरेको देखिएकोले गाउँपालिकाले फिल्ड भत्ताको लागी न्यूनतम हाजिरी दिन तोकि भत्ता खर्च लेख्ने तर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरूजु

३५ **जैविक विषादी र स्प्रे वितरण -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । गो भौ नं ८५ मिति २०७९।६।१० बाट गाउँपालिकाले फलफुल तथा तरकारी खेतीमा लाग्ने रोग किरा नियन्त्रणको लागी निःशुल्क जैविक विषयादी र स्प्रे वितरण कार्यक्रममा रू.५९१७५०.०० र सबै वडाका लागी वेमौसमी निःशुल्क मिनीकिट वितरण कार्यक्रममा रू.३४९५९०.०० समेत रू.९४१३४०.०० खर्च लेखेको छ । कार्यक्रम गर्दा सूचना जारी गर्नुपर्ने, कृषक व्यक्ति/समूहहरूको परिचय खुल्ने प्रमाण सहितको शिफारिस भै आएका कृषकहरूलाई वितरण गर्नु पर्दछ । तर वडावाट एकमुष्ट सख्या उल्लेख गरी शिफारिस भै आए वमोजिम वितरण गरेको पाइयो । यसरी संख्यामात्र उल्लेख भएको र नाम समावेश नभएकोले सम्बन्धित लाभग्रही कृषकलेनै पाए भनी विश्वस्त हुने आधार देखिंदैन । तसर्थ वडावाट कृषक छनौट गर्दा नाम नामेसी र कृषकको परिचय समेत खुल्ने प्रमाण संलग्न गरी आएपछी मात्र वितरण गर्ने तर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरूजु

३६ **प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम चालु**

**अनुदान वितरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) अनुसार कुनै कार्यको भुक्तानी गर्दा विनियोजित वजेटको परिधिभित्र रहि रितपुर्वकको कागजात प्राप्त भएपछि मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । अपांगता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनस्थापना सहयोग कार्यक्रममा गो भौनं ५१, मिति २०८०।०३।१७) कार्यालयले अपांगता भएका १४ व्यक्तिलाई सहयोगस्वरूप कुखुरा वितरण गर्दा २ व्यक्तिलाई वितरण गरिएको १७ कुखुराको सम्बन्धमा वडा कार्यालयको सिफारिस, सम्बन्धित व्यक्तिको निवेदन विना नै भर्पाईको आधारमा मात्र भएको खर्चको सम्बन्धमा थप प्रमाण पेश हुनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३७ **धरौटी खाता-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(२) अनुसार धरौटी रकम फिर्ता सम्बन्धमा अवधि तोकिएकोमा सोहि अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम सकिएको १ वर्षभित्र धरौटी जम्माकर्ताले प्रमाणसहित कार्यालयमा निवेदन दिएमा फिर्ता दिन सकिने व्यवस्था छ । निर्माण कार्यसंग सम्बन्धित धरौटी फिर्ता गर्दा मु अ कर समायोजन पत्र, करचुक्ता प्रमाणपत्र र सम्बन्धित साईड ईन्जिनियरवाट उक्त निर्माण कार्यको त्रुटी सच्याउने अवधि समाप्त भएको र सो योजनामा कुनै त्रुटी नभएको सिफारिस भएपछि मात्र धरौटी फिर्ता गर्नुपर्दछ । कार्यालयले निम्न धरौटी फिर्ता गर्दा सम्बन्धित साईड ईन्जिनयरको सिफारिस विना नै धरौटी फिर्ता गरेकोले उक्त अवधिसम्ममा उक्त योजनामा कुनै मर्मत सम्भार गर्नुपर्ने भएमा सो सम्बन्धमा कार्यलयको योजना शाखा, प्राविधिक शाखा र आर्थिक प्रशासन शाखाबीच समन्वयको अभाव देखियो । धरौटि फिर्ता गर्दा त्रुटि सच्याउने अवधिको एकिन गरेर मात्र फिर्ता दिनुपर्दछ ।

| **सि न** | **धरौटी फिर्ता पाउनेको विवरण** | **धरौटी रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | नागथली कन्स्ट्रक्सन | १७४०००।० | प्राविधिक सिफारिस नभएको |
| २ | थोक्रा सप्लायर्स | १४२६६०।० | प्राविधिक सिफारिस नभएको |
| ३ | वेष्ठ आईटी सोलुसन प्रा लि | ९६८००।० | प्राविधिक सिफारिस र मु अ कर समायोजन पत्र नभएको |
| ४ | अमृत घले निर्माण सप्लायर्स | १२८४००।० | प्राविधिक सिफारिस नभएको |

सैद्धान्तिक बेरूजु

## ३८ गाउँपालिका चालु तर्फ

३८.१ **गापा अध्यक्ष छात्रवृत्ति कार्यक्रम -** गाउँपालिकाले स्नातक तहको अध्ययनको लागि कक्षा १२ सम्म सामुदायिक बिद्यालयबाट प्रमाण पत्र तह उतिर्ण गरी स्नातक तहको अध्ययन गरिरहेका गरिब विद्यार्थिको लागि छात्रवृत्ति दिनको लागि सूचना प्रकासन गरेको देखिन्छ । गाउँपालिकाको सूचना अनुसार सामुदायिक विद्यालय भन्दा निजी स्कुलबाट प्रमाण पत्र उतिर्ण गरेका तपशिल वमोजिमका विधार्थिलाई भुक्तानी गरेको छात्रवृत्ति भुक्तानी गर्न नमिल्ने रू

| **गो भौ नं र मिति** | **विधार्थिको नाम** | **प्रमाण पत्र अध्ययन गरेको विद्यालय** | **अध्ययनको विषय** | **छात्रवृत्ति रकम** |
|---|---|---|---|---|
| ८०३।२०८०।२।७ | एश्वर्य तामाङ | Rehoom Secondory School | एमविविएस | १००००० |
| | सन्ध्या श्रेष्ठ | Goldengate Internation | इन्जिनियरिङ | ५०००० |

| | | | | |
|---|---|---|---|---|
| | | secondary बतिसपुतली | | |
| | तितिमाया घले | सेन्ट जेभियर सेकेन्डरी स्कुल जावालाखेल | कानुन | २०००० |
| **जम्मा** | | | | **१७००००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७०,००० |

३८.२ **अनुगमन नभएको-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(छ) मा सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत साधन र सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ती हानि नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम ४१(ज) मा कार्यक्रमअनुसार निर्धारित समयभित्र प्रगति भएको कामको गुणस्तर र परिमाणसमेत सन्तोषजनक भएको एकिन गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ । तर कार्यालयले निम्न कार्यक्रम सन्चालन गरेकोमा उक्त कार्यक्रमहरूको आवधिकरूपमा अनुगमन गरी श्रोतसाधनको समुचित उपयोग भएको सम्बन्धमा एकिन नगरेकोले खर्चको उपलब्धि सम्बन्धमा एकिन हुन सकिएन । आगामी दिनमा गागाउँपालिकावाट सन्चालित कार्यक्रमको प्रभावकारिता सम्बन्धमा आवधिकरूपमा अनुगमन गरी सोको लाभ लाभग्राही समुदायसम्म पुगेको सम्बन्धमा नियमित प्रतिवेदन पेश गर्नुपर्दछ ।

| **गो भौ नं मिति** | **कार्यक्रम** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| विभिन्न | ७५ प्रतिशत अनुदानमा उत्कृष्ठ वाख्रापालक कृषकलाई अनुदानमा वोयर वोका वितरण कार्यक्रम | ५०००००।० | उपलब्धी सम्बन्धमा अनुगमन नभएको |
| ११३७,३।१३ | मेडिक मोवाईल कार्यक्रम | ४९९५७३।० | उपलब्धी सम्बन्धमा अनुगमन नभएको |
| ११५२,३।२० | निशुल्क छात्रावास सन्चालन | ६६८९८२।० | उपलब्धी सम्बन्धमा अनुगमन नभएको |
| ११७०,३।२२ | निशुल्क वितरणको लागि उन्नत जातको विउ खरिद | ९७७५०।० | उपलब्धी सम्बन्धमा अनुगमन नभएको |
| ११८०,३।२२ | निशुल्क छात्रावास सन्चालन | ३३९०००।० | उपलब्धी सम्बन्धमा अनुगमन नभएको |

| | | | |
|---|---|---|---|
| ११८२,२।२२ | सामुदायिक विद्यायको वाल कक्षामा Led Tv Midas Eclass एवं शैक्षिक व्यवस्थापन | ३९९३७५।० | उपलब्धी सम्बन्धमा अनुगमन नभएको |
| ११९७,३।२३ | दलित समुदायलाई मागमा आधारित व्यवसाय प्रबर्द्धनका लागि सामाग्री खरिद र वितरण | ४९९४६०।० | उपलब्धी सम्बन्धमा अनुगमन नभएको |
| १२१८,३।२४ | विद्यालयमा हाजिरी व्यजस्थापन | ४३८४९६।० | हस्तान्तरण फारम र प्रगति विवरण नभएको |
| १२२१,३।२४ | कक्षा ECD देखि ३ सम्मका लागि हस्तलिखित पुस्तिका छपाई तथा वितरण | २३००००।० | उपलब्धी सम्बन्धमा अनुगमन नभएको |
| १२२७,३।२४ | विविध खर्च | ८०९८०।० | कार्यक्रमको तालिका,उद्धेश्य, सहभागी, हस्ताक्षर विना नै ठाडो निवेदनको आधारमा भुक्तानी |

| सैद्धान्तिक बेरूजु |
|---|

३८.३ **इन्धन खर्चः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । गाउँपालिकाले लेखापरीक्षणमा पेश गरेको इन्धन खर्चको भुक्तानीको फांटवारी अनुसार कार्यालयले इन्धन खर्चको भुक्तानी गर्दा सम्बन्धित फर्मले इन्धनको भुक्तानी मागमा तेरिजवाइज तयार गरी विल वाइज कुपन सहित समावेश गरी भुक्तानी माग गर्नु पर्नेमा एकमुष्ट कुपन राखी भुक्तानी गरेको पाइएकोले खर्च रकम तेरिज अनुसार छ भनी भन्न सकिएन । यसरी इन्धन वापतको रकम सम्बन्धित फर्मलाइ भुक्तानी गर्दा विल अनुसारको मात्र कुपन समावेश गरी भुक्तानी गर्ने तर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

३८.४ **प्रशिक्षक भत्ताः** गाउँपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्दा गाउँपालिका अन्तर्गतका प्रशिक्षकलाइ कार्यालयले कार्यविधि तयार गरी केही कार्यक्रममा रू.२०००.०० (प्रति कक्षा) का दरले भुक्तानी गर्ने गरेको पाइयो । यसरी आन्तरिक स्रोत प्रयाप्त नभएको अवस्थामा गाउँपालिकाले निर्णय गर्दै सुविधा वृद्धि गर्ने कार्यमा नियन्त्रण गर्दै मितव्यीता कार्य गर्नेतर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

३९ **विपद व्यवस्थापन तर्फ**

३९.१ **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको र न्युन बैठक बस्ने बाहेक अन्य कार्य गरेकोपाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

३९.२ **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरूप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । गाउँपालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गर्ने गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु गराउनु पर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

३९.३ **विपद् व्यवस्थापन कोष -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । गाउँपालिकाले गत वर्षको मौज्दात समेत रू. ४९७४२०७.५५ आम्दानी भई रू. १ लाख ६० हजार खर्च गरी बाँकी रू. ४८१४२०७.५५ देखिन्छ। ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

३९.४ **वार्षिक प्रतिवेदन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

४० **नपाउने स्थानिय भत्ता -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ ।गो भौ नं ९५६ मिति २०७९।३।४ बाट कार्यालयले कार्यक्रम वापत स्वास्थ्यकर्मिहरूको लागि मिति २०८०।२।२४ देखि २६ सम्म (३ दिन) High altitude Sickness Management Training सम्बन्धी ३ दिने तालिम कार्यक्रममा उपस्थितहरूलाइ स्थानीय भत्ता वापत रू.२४३५०.०० भुक्तानी खर्च लेखेको छ । गाउँपालिकामै भएको कार्यक्रममा नपाउने स्थानिय भत्ता वापतको रकम असुल गर्नुपर्ने रू.

| नाम | पद | दिन | भुक्तानी रकम (कर कट्टि पछी) |
|---|---|---|---|
| कमला ढकाल | उ.वि.स | १ | ८५०.०० |
| शेर वहादुर घले | हे.अ | ३ | २५५०.०० |
| सुस्मिता पाण्डे | अ.हे.व | ३ | २५५०.०० |
| सुनिता लामा | ल्या.अ | ३ | २५५०.०० |
| हिरामाया मगर | अ.न.मी | ३ | २५५०.०० |
| सुजिता घले | विद्यालय नर्स | ३ | २५५०.०० |
| जम्माः | | | १३६०० |

| असुल गर्नुपर्ने | १३,६०० |
|---|---|

४१ **शिक्षा तर्फ**

४१.१ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १५ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| **सि. नं.** | **विद्यालयको नाम** | **शिक्षक दरबन्दी** | **पदपूर्ति** | **पदपूर्ति मध्ये करार** | **विद्यार्थी संख्या** |
|---|---|---|---|---|---|
| १ | ने. रा. आ. वि., खाम्जिङ | १ | १ | ० | ४५ |
| २ | लिङलिङ आ. वि. | १ | १ | ० | ८ |
| ३ | गाउँफर्क आ. वि. | २ | २ | ० | १८ |
| ४ | भिमली आ. वि. | २ | १ | ० | २० |
| ५ | सरस्वती आ. वि. | ७ | ७ | १ | १०५ |
| ६ | ज्ञानज्योती आ. वि. | १ | १ | ० | ७ |
| ७ | ने. रा. आ. वि., लाङटाङ | ३ | ३ | ० | ३७ |
| ८ | भिमसेन आ. वि. | ८ | ८ | ४ | ९० |
| ९ | ने. रा. आ. वि., ठूलो स्याफ्रु | ३ | ३ | ० | ७ |
| १० | अरूणोदय आ. वि. | १ | १ | ० | ६ |
| ११ | ने. रा. आ. वि., मेन्दो | २ | २ | २ | २६ |
| १२ | ने. रा. आ. वि., थुमन | ६ | ५ | २ | ३७ |
| १३ | ने. रा. आ. वि., टिमुरे | ८ | ७ | २ | १३१ |
| १४ | रसुवा मा. वि. | १९ | १९ | ३ | २९३ |
| १५ | कोमिन श्यामेवाङफेल मा. वि. | १८ | १७ | ९ | ३०६ |
|  | जम्मा | ८२ | ७८ | २३ | ११३६ |

गाउँपालिकामा सञ्चालित १५ सामुदायिक विद्यालयमा कुल ८२ दरवन्दी कायम रहेकोमा ७८ जना मात्र पदपूर्ति भएको तथा सो पदपूर्ति मध्ये २३ जना करारमा कार्यरत देखिन्छ । गाउँपालिकाले समयमा नै स्थायी पदपूर्तिको व्यवस्थापन गर्नुपर्दछ । साथै ४ विद्यालयमा १० जना भन्दा कम विद्यार्थि रहेको देखिएकोले उक्त विद्यालयहरूलाई नजिकैको विद्यालयमा मर्ज गर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

४१.२ **विद्यालय निकासा -** गाउँपालिकले शसर्तबाट वितरण गरेको अनुदानको सहि सदुपयोग भए नभएको एकिन गर्न त्रैमासिक रूपमा अनुगमन गर्नुपर्दछ । गाउँपालिकाले शसर्त अनुदान तर्फ शिक्षाको दिवा खाजा र पाठ्यपुस्तक शिर्षक अन्तर्गत ईमिसबाट प्राप्त विवरण अनुसार १४१० जना विधार्थिलाई रू १९,३६,५९८.०० भुक्तानी गरेको छ । गाँउगाउँपालिका चालुबाट सामुदायिक विद्यालयका विद्यार्थिलाई निशुल्क पोशाक वितरण गर्नका लागि ११९० विद्यार्थिलाई रू ४७,६२,२६६.०० को पोशाक वितरण गर्न खरिद गरेको देखिन्छ । यसरी गाउँपालिकाले विद्यालयलाई दिने निकासा अनुदानमा विद्यार्थि संख्या बढि र गाउँपालिकाले विद्यार्थिलाई निशुल्क उपलब्ध गराएको ड्रेसमा विद्यार्थिको संख्या घटी राखेकोले विद्यार्थिको लगत संख्या फरक फरक पेस गरेको देखिएकोले विद्यालयको विद्यार्थिको संख्याको आधारमा विद्यालयलाई जाने अनुदान बढि निकासा भएको सम्वन्धमा गाउँपालिकाले नै एकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

४१.३ **विद्यालय अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । गाउँपालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । उदाहरणहरू निम्न छन् ।

| **भौ नं/ मिति** | **अनुदान विवरण** | **रकम** |
|---|---|---|
| ४। २०७९।४।७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि आवासिय छात्रवृत्ती र सञ्चालन व्यवस्थापन रकम विद्यालयहरूलाई अनुदान | ५१०००० |
| ७१।२०७९।७।१८ | विधालयहरूलाई दिवा खाजा वापतको रकम निकासा | ३०२६२५ |
| १४६।२०७९।१०।२४ | कोमिन स्यामेवाङफेल मा वि लाई आवासिय छात्रबृत्ति र सन्चालन व्यवस्थापन | ५९२८५५ |
| २१०।२०७९।१२।९ | विद्यालय शैक्षक गुणस्तर सुदृढीकरण कार्यक्रम अन्तर्गत कोमिन श्यामेवाङफेल मा वि लाई अनुदान | २५००००० |

| | | |
|---|---|---|
| ४४१।२०८०।३।२२ | कोमिन श्यामेवाङफेललाई शैक्षकिक सुधारमा उत्कृष्ठ कार्य गरिए बमोजिमको अनुदान रकम | ५००००० |
| | **जम्मा** | **४४०५४८०** |

| |
|---|
| सैद्धान्तिक बेरूजु |

४२ **नमुना विद्यालय -** नमुना विद्यालय कार्यक्रम संचालनको लागि कोमिन श्यामेवाङफेल माध्यमिक विद्यालयलाई आर्थिक वर्ष २०७९।८० मा रू १ करोड अनुदान निकासा भएकोमा सोको परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् ।

४२.१ **विस्तृत नापी नभएको-** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२३ बमोजिम भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाँपजाँच गरी भुक्तानी गर्नुपर्दछ ।नमुना विद्यालयको भवन निर्माणको नापी परीक्षण गर्दा लागत अनुमान र अन्तिम नापीमा डण्डी ,स्यानिटरि काम र विद्युत्तिय कामको परिमाण लमसममा राखि तपशिल बमोजिम भुक्तानी गरेको छ । विद्यालय भवनको भुक्तानी गर्दा आइटम वाइज विस्तृत नापी पेस नभएकोले डण्ढी, स्यानिटरी काम र विद्युत्तिय कामको विस्तृत नापी पेस गर्नुपर्ने रू

| **आइटम नं** | **आइटम** | **परिमाण** | **दर** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| २.३ | डण्डी | ६०३६।२६ | ११५ | ६९४१६९ |
| २२ | स्यानिटरि कार्य | १ | २००००० | २००००० |
| २३ | विद्युत्तिय कार्य | १ | २००००० | २००००० |
| जम्मा | | | | १०९४१६९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,९४,१६९ |

४२.२ **स्ल्याबको भुक्तानी -** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १११ बमोजिम निर्माण कार्यको गुणस्तर सुनिश्चित हुने गरी निर्माण व्यवसायीबाट गुणस्तर आस्वस्तता योजना पेस गर्न लगाई सो अनुसार करारका शर्त बमोजिम परीक्षण गरी गुणस्तर यकीन गरी भुक्तनी गर्नुपर्दछ ।भवनको अन्तिम भुक्तानी परीक्षण गर्दा लागत अनुमान र ड्रइङ्गमा दोस्रो र तेस्रो तल्लाको स्ल्याबको thickness ०.१२५ भएकोमा तपशिल बमोजिम स्ल्याबको thickness कम नापी गरी भुक्तानी गरेको देखिएकोले भवन निर्माणको काम गुणस्तरीय भएको छ भन्न सकीदैन ।

| आइटम न | आइटम | लागत अनुसार उचाई | नापीमा भएको उचाई | स्ल्याबको भुक्तानी | कैफियत | |
|---|---|---|---|---|---|---|
| २.२ | तेस्रो तल्लाको स्ल्याब | ०।१२५ | ०।१२ | ५७५५३० | तोकिएको स्पेशिफिकेसन अनुसारको मोटाइ नभएको | |

सैद्धान्तिक बेरूजु

४२.३ **स्थलगत अनुगमन-** विद्यालयको भवन निर्माणको स्थलगत अनुमान गर्दा भुई तलाको शौचालयको चौडाई १५०० mm हुनुपर्नेमा १००० mm राखि शौचालयमा प्रवेश गर्न नमिल्ने गरी बनाएको, चौथो शौचालयको ढोका राख्न नमिलेको, आन्तरिक विद्युतिकरण गर्नुपर्नेमा बाह्य विद्युधिकरण गरेको, पहिलो तल्लाको फिनिसिङको सम्पुर्ण काम नसकीएको, शौचालयको ढोकाहरूमा रङ्ग नलगाएको, दोस्रो र तेस्रो तल्लाको कलमको सेन्टरमा बिम हुनुपर्नेमा एकछेउमा रहेको लगायतका त्रुटीहरू अनुगमनको त्रममा देखियो । गाउँपालिकाले कार्य स्वीकार गर्नु अगाडी तोकीएको स्पेशिफिकेसन र ड्रइङ्ग अनुसार काम भए नभएको एकीन गरी अन्ति भुक्तानी गर्नुपर्नेमा सो गरेको पाइएन । भवनको त्रुटी सच्याउने अवधि बाँकी नै रहेकोले तोकीएको स्पेशिफिकेसन र ड्रइङ्ग अनुसार त्रुटी सच्याउन लगाई गुणस्तर कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

४३ **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१क) मा २० लाख रूपैयाँसम्मको औषधिजन्य मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्र आश्वान गरी खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष सिलवन्दी दरभाउपत्रबाट रू.३११४४२६।०० का औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः

४३.१ गाउँपालिकाले औषधी खरिद गर्दा विगत वर्षको मौज्दातको विवरण एकिन गरी स्वास्थ्य चौकिबाट माग फाराम संकलन गरेर औषधीको आवश्यकता पहिचान गर्नुपर्नेमा यस वर्ष गाउँपालिकाले १३७ प्रकारका औषधी खरिद गर्दा स्वास्थ्य चौकिमा कायम रहेको स्टकको अभिलेख नै नराखी औषधी खरिद गरेकोले वास्तविक मागका आधारमा औषधी खरिद भएको मान्न सकिदैन । गाउँपालिकाले औषधी खरिद गर्दा मागमा आधारित भइ खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

४३.२ गाउँपालिकाले वितरण गरेको औषधी र स्वास्थ्य चौकिले निकासा गरेको औषधीको अभिलेख भिडान गर्दा गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा स्यार्फु स्वास्थ्य चौकिमा पारासिटामोल ५०० एमजि औषधी २८५० टेबलेट वितरण गरेकोमा स्वास्थ्य चौकिले उक्त आर्थिक वर्षमा ५६६९ ट्यावलेट निकासी खर्च गरेको देखिन्छ । स्वास्थ्य चौकिमा विगत वर्षको औषधीको मौज्दातको अभिलेख नभएकोले गाउँपालिकाले वितरण गरेको औषधी र स्वास्थ्य चौकिले निकासी गर्ने औषधीको अभिलेख एकिन हुन सक्ने अवस्था छैन । खरिद गरेको र खर्च निकासी भएको औषधीको अभिलेख व्यवस्थित गरी राख्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

४३.३ औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँध्ने नगरेको ।

सैद्धान्तिक बेरूजु

## ४४ कृषि तथा पशु तर्फ

४४.१ **अनुदान वितरण-** गाउँपालिकाले अनुदान वितरणको कार्यविधि निर्माण गरी सोही अनुसार अनुदान वितरण गर्नुपर्नेमा यस गाउँपालिकाले अनुदान विरतण सम्बन्धी कार्यविधि निर्माण गरेको छैन । प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनको म्यानुअलको वुदा ७।१ अनुसार गाउँपालिकाले वितरण गरेको तपिशल वमोजिमको अनुदानमा ५० प्रतिशत अनुदान वितरण गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले ७५ प्रतिशत अनुदान वितरण गरेको देखियो । गाउँपालिकाले अनुदान विरतण सम्बन्धी कार्यविधि नवनाइ संघीय सरकारले तोकेको दरभन्दा बढि दरमा अनुदान वितरण गरेको नियमसम्मत नदेखिएको रू

| **कार्यक्रम** | **लाभान्वित संख्या** | **लागत रकम** | **५० प्रतिशत अनुदान दिनमिल्ने** | **७५ प्रतिशत भुक्तानी भएको** | **बढि भुक्तानी** |
|---|---|---|---|---|---|
| सिल्पोलिन प्लाष्टिक वितरण | १७ | ९६०००० | ४८०००० | ७२०००० | २४०००० |
| किरेट वितरण | ३ | ६०८०० | ३०४०० | ४५६०० | १५२०० |
| च्याउको विल र पराल वितरण | ४ | ११९६०० | ५९८०० | ८९७३५ | २९९३५ |
| कागतिका विरूवा वितरण | ७ | १७४८०० | ८७४०० | १३११०० | ४३७०० |

| | | | | | |
|---|---|---|---|---|---|
| टर्कि ओखरको विरूवा वितरण | २ | १४०००० | ७०००० | १०५००० | ३५००० |
| किविको विरूवा वितरण | ३ | २८००० | १४००० | २१००० | ७००० |
| फुजी स्याउको विउ वितरण | ३ | ५२१३०० | २६०६५० | ३९१००० | १३०३५० |
| बिउ आलु वितरण | १३० | ४७८९०० | २३९४५० | ३५९२०० | ११९७५० |
| याक खरिद र वितरण | ६ | ४८०००० | २४०००० | ३६०००० | १२०००० |
| बोयर ऋस बोका वितरण | २१ | ५०४००० | २५२००० | ३७८००० | १२६००० |
| **जम्मा** | | **३४६७४००** | **१७३३७००** | **२६००६३५** | **८६६९३५** |

| | |
|---|---|
| अनियमित भएको | ८,६६,९३५ |

४४.२ **अनुदानको अनुगमन —** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको अनुदानबाट किशानले प्रतिफल प्राप्त गरे नगरेको तथा किशानको जिवनस्तरमा सुधार भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार कृषि तथा पशुलमा यस वर्ष १९७ जना कृषकलाई रू. ५१००६३५ वरावरको कृषि तथा विउविजन कृषि सामाग्री अनुदान वितरणमा खर्च लेखेको देखिन्छ । गाउँपालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

४५ **प्रधानमन्त्री रोजगार तर्फ -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरूमा स्टोन सोलिङ र नालि सफा लगायतको निर्माण कार्यक्रम सञ्चालन गरी यस वर्ष ५७ जनालाई रोजगारी उपलव्ध गराई रू ३५ लाख ९१ हजार खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनदेखि ११२ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।गाउँपालिकाले श्रावण देखि नै करारमा कर्मचारीहरू नियुक्ती गरी रू ५,४३,००९.०० तलब भुक्तानी गरेकोमा रोजगार कार्यक्रम जेष्ठ देखि मात्र शुरू गरेको हुँदा कर्मचारीलाई कार्यविवरण दिई नियुक्ती भएको मितिदेखि काममा लगाउनु पर्दछ ।

सैद्धान्तिक बेरूजु

४६ **पदाधिकारी भ्रमण खर्च -** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ७ मा स्थानिय तहका पदाधिकारीहरूले भ्रमण खर्च लेख्दा आफ्नो क्षेत्र भन्दा बाहीर गरेको भ्रमण खर्च मात्र पाउने व्यवस्था गरेको छ । गा पा चालु भौ नं १०१७ बाट तपशिल बमोजिमका पदाधिकारीहरूले आफ्नो क्षेत्र भित्र गरेको भ्रमणको खर्च समेत भुक्तानीले गरेकोमा ऐन विपरित भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू

| **सि.नं.** | **पद** | **नाम** | **भ्रमण खर्च** |
|---|---|---|---|
| १ | अध्यक्ष | कैसाप नुर्पु तामाङ | २७०० |
| २ | वडाध्यक्ष १ | उर्केन छिरिङ तामाङ | २७०० |
| ३ | वडाध्यक्ष ४ | डिण्डु लामा जाङ्वा तामाङ | ७५०० |
| ४ | का पा सदस्य १ | कार्मु तामाङ्नी | २७०० |
| ५ | का पा सदस्य २ | पेमा दोर्जे घले | २७०० |
| ६ | का पा सदस्य ३ | सिता घले | २७०० |
| ७ | का पा सदस्य ५ | विविरानी तामाङ | २७०० |
| ८ | का पा सदस्य ६ | मेन डोल्पो लोप्चन | २७०० |
| ९ | वडा सदस्य २ | सोनाम छिरिङ घले | २७०० |
| १० | वडा सदस्य ४ | साडु चुसाङ | ६३०० |
| ११ | दलित वडा सदस्य २ | लक्ष्मी परियार | २७०० |

| | | | |
|---|---|---|---|
| १२ | महिला वडा सदस्य २ | किप्पा नगरकोटी | २७०० |
| १३ | महिला वडा सदस्य ५ | डोल्मा याङ्जेन तामाङ | २७०० |
| १४ | वडा सदस्य १ | दिलमान तामाङ | २७०० |
| १५ | वडा सदस्य ३ | छोवाङ निमा तामाङ | २७०० |
| | जम्मा | | ४८९०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,९०० |

## ४७ कर दस्तुर एवं आन्तरिक आय

४७.१ **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| भूमिकर मालपोत कर | २१००००० | १३२७७४७ | ६३ |
| वहाल कर | १०००००० | २२९६३१० | २२९ |
| व्यवसाय कर | २००००० | ७७२९३० | ३८६ |
| सिफारिस दस्तुर जन्म मृत्यु नक्सापास नाता | ८९३००० | ४७४१४८ | ५३ |

गाउँपालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

४७.२ **मनोरञ्जन कर -** गाउँपालिकाको आर्थिक ऐन २०७९ ले गाउँपालिकाभित्र चलचित्र घर भिडियो घर सास्कृतिक स्थल मनोरञ्जर्शन हल कन्सर्ट दोहोरी साझ नाट्यघर फनपार्क वाटरगार्डेन वाल उद्यान डान्स बार लगायतका मनोरञ्जनका स्थलमा वागमती सरकारले तोकेको कानुन वमोजिम मनोरञ्जन कर असुल गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यय सम्बन्धी कर असुल गरेको देखिएन । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सम्भाव्य करयोग्य व्यवसायको पहिचान गरी मनोरञ्जन कर असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

४७.३ **ढुङ्गा गिट्टी वालुवाको कर -** बागमती प्रदेशको प्रदेश आर्थिक ऐन मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा कानुनले तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ । साथै आर्थिक ऐनमा उल्लेख गरिएको दरहरू आवश्यताअनुसार प्रदेश सरकारले मात्र परिवर्तन गर्ने सक्ने उल्लेख छ । जसअनुसार स्थानीय तहले ऐनमा तोकीएको भन्दा घटी हुने गरी दर निर्धारण तथा असूल गर्न सक्ने देखिदैन । लेखापरीक्षणको क्रममा गाउँपालिकाले यस वर्ष योजना सम्झौता गरी भुक्तान गरेका अधिकांश उपभोक्ता समितिले निर्माण कार्य गरेका योजनामा गाउँपालिकाको नै क्षेत्रभित्रबाट नै ढुङ्गा गिट्टी वालुवा खरिद गरेको भर्पाइ राखेकोमा ढङ्गा गिट्टी वालुवामा लाग्ने शुल्क असुल गरेको देखिएन । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रबाट खरिद विक्री भइरहेको ढुङ्गा गिट्टी वालुवामा कानुन वमोजिम शुल्क असुल गरी गाउँपालिकाको आन्तरिक आम्दानी बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

४८ **राजश्वको बैंक दाखिला -** गाउँपालिका अन्तर्गतको वडा नं २ का वडा सचिवले नगदि रसिद नं १४५१ देखि रसिद नं १४७३ संकलन गरेको कुल राजश्व रू.२,६६,१८१.०१ बैंक दाखिला नगरी नगदै राखेको हुनाले सो संकलित राजश्व सम्बन्धमा कार्यालयले थप छानविन गरि आर्थिक कार्यविध तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) मा भएको व्यवस्था वमोजिम जरिवाना र विभागिय कारवाहि गर्नुपर्दछ ।कार्यालयवाट प्राप्त विवरण अनुसार अघिल्लो आ व को नगदि रसिद कार्यालयमा नवुझाई राजश्व संकलन गरि समयमा बैंक दाखिला नगरेको ।

| क्र. सं . | आम्दानी शिर्षक | रसिद नं. | घर वहाल कर | सिफारिस दस्तुर | अन्य दस्तुर | व्यवसाय कर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | ११३२१ | १४२४३ | १४२४९ | १४६११ | |
| १ | घर वहाल कर | १४५१ | २०१६० | | | | २०१६० |
| २ | घर वहाल कर | १४५२ | ४९१८६।६८ | | | | ४९१८६।६८ |
| ३ | व्यवसाय कर | १४५३ | | | | २००० | २००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | व्यवसाय कर | १४५४ | | | | २००० | २००० |
| ५ | अन्य राजश्व | १४५५ | | | १६६६७ | | १६६६७ |
| ६ | अन्य राजश्व | १४५६ | | | ५७२९ | | ५७२९ |
| ७ | घर वहाल कर | १४५७ | ५२५० | | | | ५२५० |
| ८ | घर वहाल कर | १४५८ | १८००० | | | | १८००० |
| ९ | घर वहाल कर | १४५९ | २७०० | | | | २७०० |
| १० | घर वहाल कर | १४६० | ६०४८० | | | | ६०४८० |
| ११ | व्यवसाय कर | १४६१ | | | | ४००० | ४००० |
| १२ | व्यवसाय कर | १४६२ | | | | ३००० | ३००० |
| १३ | घर वहाल कर | १४६३ | २३१०० | | | | २३१०० |
| १४ | घर वहाल कर | १४६४ | १६६६ | | | | १६६६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | घर वहाल कर | १४६५ | २७०० | | | | २७०० |
| १६ | व्यवसाय कर | १४६६ | | | | २५०० | २५०० |
| १७ | कवाडी कर | १४६७ | | | ३७५० | | ३७५० |
| १८ | घर वहाल कर | १४६८ | ११२९३।३३ | | | | ११२९३।३३ |
| १९ | सिफारिस दस्तुर | १४६९ | | ६००० | | | ६००० |
| २० | कवाडि दस्तुर | १४७० | | | २००० | | २००० |
| २१ | व्यवसाय कर | १४७१ | | | | १२००० | १२००० |
| २२ | व्यवसाय कर | १४७२ | | | | १०००० | १०००० |
| २३ | व्यवसाय कर | १४७३ | | | | २००० | २००० |
| | जम्मा | | १९४५३६।०१ | ६००० | २८१४६ | ३७५०० | २६६१८२।०१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६६,१८२.०१ |

४९ **आन्तरिक आय -** गाउँपालिकाका वडाहरूले संकलन गर्ने राजश्वको परिक्षणमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

**वडागत राजश्वः** गाउँपालिका अन्तर्गत ६ वडा रहेकोमा वडा कार्यालयहरूबाट समेत सिफारिश दस्तुर लगायतका शिर्षकमा राजश्व असुली गर्ने अधिकार दिएको पाइयो । गाउँपालिकाले नगदी रसिद नियन्त्रण खाता अद्यावधिक गरेको जनाएतापनि वडाहरूमा वितरण गरेको सबै नगदी रसिद गाउँपालिकामा फिर्ता नगरी वडामा नै राखेको र विगत वर्षमा राखेको नगदि रसिद आर्थिक वर्ष २०७७।७८ र २०७८।७९ को रसिद प्रयोग गरी दुरूपयोग गरेको जानकारी प्राप्त भएकोले गाउँपालिकाको रसिद नियन्त्रण खाता

अद्यावधिक छ भन्न सकिदैन । साथै वडामा पुराना रसिद प्रयोग गरी राजश्व हिनामिना भएको सम्वन्धमा गाउँपालिकाले छानविन गरी राजश्व हिनामिना भएको पाइएमा सम्वन्धित कर्मचारीलाई कानुनी कार्वाही गरी हिनामिना भएको राजश्वको व्याज सहित असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

५० **सामाजिक सुरक्षा -** गाउँपालिकाको वितरणको प्रथम त्रैमासिकको forward feed परीक्षण गर्दा निम्न एक जना लाभग्राहिको सामाजिक सुरक्षा भत्ता दोहोरो परी रू १५९६ रकम बढि भुक्तानी भएको देखिएकोले त्रैमासिक बैंङ्कबाट Forward / Reverse Feed को डाटा भेरिफाइ गरी लगत कट्टा भए नभएको तथा दोहोरो परे नपरेको एकिन गर्नुपर्दछ ।

| सि. नं . | लाभग्राहिको विवरण | क्षेत्र | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | नुर्पु छिरिङ्ग लामा ( २०७६०३१८१०३६७ ) | क्षेत्र नतोकिएका बाल बालिका | १५९६।० | |

सैद्धान्तिक बेरूजु

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्ष- २०७९/८०**

**कार्यालय र स्थान - गोसाईकुण्ड गाउँपालिका, रसुवा , गोसाईकुण्ड गाउँपालिका , रसुवा**

| पद | नाम | कार्यकाल सुरू मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Dutendra Chamling | २०७८-१०-२१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Kaisang Dindup Tamang | २०७८-१०-१७ | हाल सम्म कार्यरत |

**बेरूजु वर्गीकरण-**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,२६६,४७७ | ७,२२३,१११ | ३,४१३,५४१.०१ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरूजू रू.** | | | | | १५,९०३,१२९.०१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रू.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरूजू रू.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरूजू रू.** | | | | | १५,९०३,१२९.०१ |

**स्थानीय तह -**

| **गत बर्षको जिम्मेवारी** | | ८३३७४९१३.७९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २१७७३२५०० | **चालु खर्च** | १८३१९१३७८.८८ |
| **प्रदेश सरकारबाट अनुदान** | ५८४३१००० | **पूँजीगत खर्च** | १७५३२६०११.५५ |

| | | | |
|---|---|---|---|
| **राजश्व बाँडफाँट** | ८८९५५१९०.९६ | **वित्तीय/अन्य व्यवस्था** | ७७०५२०५८.४५ |
| **आन्तरिक आय** | १२९००४९०.४८ | | |
| **अन्य आय** | ४६८५५४२३.५ | | |
| **कुल आय** | ४२४८७४६०४.९४ | **कुल खर्च** | ४३५५६९४४८.८८ |
| **बाँकी मौज्दात** | | ७२६८००६९.८५ | |

**बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -२**

| गोसाईकुण्ड गाउँपालिका,स्याफ्रुवेशी,रसुवा, आ.व. २०७९/०८० को एकीकृत आर्थिक विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आय तर्फ | | | | व्यय तर्फ | | | |
| सि.नं. | विवरण | रकम | जम्मा रकम | सि.नं. | विवरण | रकम | जम्मा रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ८३३७४९१३.७९ | १ | चालु तर्फ | | १८३१९१३७८.८८ |
| | (क) नगद | | | | (क) संघ समानीकरण | १५४४५९१.०० | |
| | (ख) बैंक * | ७५९५०७५४.२४ | | | (ख) प्रदेश समानीकरण | ७००००.०० | |
| | (ग) धरौटी | २०८१०१२.०० | | | (ग) संघ शसर्त | १०२०९०७९३.०० | |
| | (घ) प्रकोप व्यवस्थापन कोष | ३९७४२०७.५५ | | | (घ) प्रदेश शसर्त | ३४२७१७५.०० | |
| | (ङ) विविध खर्च कोष | १३६८९४०.०० | | | (ङ) संघ राजश्व | ४६९७१७६३.८८ | |
| | | | | | (च) प्रदेश राजश्व | १८९२००.०० | |
| २ | (क) आन्तरिक राजश्व | १२९००४९०.४८ | १०१८५५६८१.४४ | | (ङ) आन्तरिक राजश्व | २८२६७८५६.०० | |
| | (ख) संघीय राजश्व बाँडफाँड | ७०२६४६१०.१९ | | २ | पूँजीगत तर्फ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (ग) प्रदेश राजश्व बाँडफाँड | १८६९०५८०.७७ | | | (क) संघ समानीकरण | ७६५५६४२७.०० | १७५३२६०११.५५ |
| | (घ) बाँडफाँडबाट प्राप्त वन रोयल्टी | ०.०० | | | (ख) प्रदेश समानीकरण | ५७००५८०.०० | |
| | (ङ) बाँडफाँडबाट प्राप्त विद्युत रोयल्टी | ०.०० | | | (ग) संघ शसर्त | १४७५०३०४.०० | |
| ३ | संघीय सरकारबाट प्राप्त हस्तान्तरण अनुदान | | २१७७३२५००.०० | | (घ) प्रदेश शसर्त | १४३४१११९.०० | |
| | (क) वित्तीय समानीकरण अनुदान | ८२०४७५००.०० | | | (ङ) संघ राजश्व | ८८४०००.०० | |
| | (ख) शसर्त अनुदान | १३५६८५०००.०० | | | (च) प्रदेश राजश्व | १०७८९०७९.०० | |
| | (ग) समपूरक अनुदान | ०.०० | | | (ङ) आन्तरिक राजश्व | ३४७७७१४६.०० | |
| | (घ) विशेष अनुदान | ०.०० | | | (च) प्रदेश समपूरक | १४४२७३५६.५५ | |
| | | | | | (छ) प्रदेश विशेष अनुदान | ३१०००००.०० | |
| ४ | प्रदेश सरकारबाट प्राप्त हस्तान्तरण अनुदान | | ५८४३१०००.०० | ३ | वित्तीय व्यवस्थापन भुक्तानी | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (क) वित्तीय समानीकरण अनुदान | ७८७५०००.०० | | | (क) ऋण भुक्तानी | | |
| | (ख) शसर्त अनुदान | २७०६२०००.०० | | | (ख) साँवा भुक्तानी | | |
| | (ग) समपूरक अनुदान | २०२९४०००.०० | | | (ग) व्याज भुक्तानी | | |
| | (घ) विशेष अनुदान | ३२०००००.०० | | | (घ) अन्य भुक्तानी | | |
| ५ | अन्तरस्थानीय तहबाट प्राप्त | | | ४ | लगानी | | |
| ६ | वित्तीय व्यवस्थापन प्राप्ति | | | | (क) ऋण लगानी | | |
| | (क) ऋण प्राप्ति | | | | (ख) शेयर लगानी | | |
| | (ख) साँवा प्राप्ति | | | | (ग) अन्य लगानी | | |
| | (ग) ब्याज प्राप्ति | | | ५ | अन्तर सरकारी स्थानीय तह | | |
| | (घ) अन्य प्राप्ति | | | ६ | विषयगत निकायबाट प्राप्त | | ३६७६२६८२.६९ |
| ७ | विभिन्न कोष तर्फको आय | | ५७९८८०५.५० | | (क) सामाजिक सुरक्षा तथा संरक्षण | ३६७६२६८२.६९ | |
| | (क) प्रकोप व्यवस्थापन कोष | १००००००.०० | | ७ | अन्य निकायबाट प्राप्त रकम | | ३९७९०३.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (ख) विविध खर्च कोष | ४७९८८०५.५० | | | (क) भौतिक पूर्वाधार विकास मन्त्रालय | ०.०० | |
| ८ | जनसहभागिता (नगद) | | | | (ख) प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पूर्नस्थापना साझेदारी कार्यक्रम | ०.०० | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | ३७०६३००१.०० | | (ग) पर्यटन प्रबर्धन तथा पूर्वाधार विकास कार्यक्रम | ०.०० | |
| | (क) सामाजिक सुरक्षा तथा संरक्षण | ३७०६३००१.०० | | | (ग) प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | ०.०० | |
| | | | | | (घ) गरिबसँग विश्वेश्वर कार्यक्रम | ३९७९०३.०० | |
| | | | | | | | |
| | | | | ८ | धरौटी फिर्ता | ७७७३६०.०० | ७७७३६०.०० |
| | | | | | | | |
| १० | धरौटी आय | ३५९५७१४.०० | ३५९५७१४.०० | ९ | कोष खर्च | | ४७०९५४२.०० |
| ११ | अन्य निकायबाट प्राप्त रकम | | ३९७९०३.०० | | (क) प्रकोप व्यवस्थापन कोष | १६००००.०० | |
| | | | | | (ख) विविध खर्च कोष खाता | ४५४९५४२.०० | |
| | (क) भौतिक पूर्वाधार | ०.०० | | १० | अनुदान तथा निकासा फिर्ता | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विकास मन्त्रालय | | | | | | |
| | (ख) प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पूर्नस्थापना साझेदारी कार्यक्रम | ०.०० | | | (क) संघ शसर्त | १८८४३९०३.०० | ३४४०४५७०.७६ |
| | (ग) पर्यटन प्रबर्धन तथा पूर्वाधार विकास कार्यक्रम | ०.०० | | | (ख) प्रदेश शसर्त | ९२९३७०६.०० | |
| | (घ) गरिबसँग विश्वेश्वर कार्यक्रम | ३९७९०३.०० | | | (ग) प्रदेश समपूरक | ५८६६६४३.४५ | |
| | (ङ) महामारी रोग नियन्त्रण कार्यक्रम (५३) | ०.०० | | | (घ) सामाजिक सुरक्षा तथा संरक्षण | ३००३१८.३१ | |
| | (च) प्रकोप व्यवस्थापन कोषको लागि (प्रदेशबाट) | | | | (ङ) भौतिक पूर्वाधार विकास मन्त्रालय | ०.०० | |
| | | | | | (च) प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पूर्नस्थापना साझेदारी कार्यक्रम | ०.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | (छ) पर्यटन प्रबर्धन तथा पूर्वाधार विकास कार्यक्रम | ०.०० | |
| | | | | | (ज) गरिबसँग विश्वेश्वर कार्यक्रम | ०.०० | |
| | | | | | (झ) महामारी रोग नियन्त्रण कार्यक्रम (५३) | ०.०० | |
| | | | | | (ज) प्रदेश विशेष अनुदान | १०००००.०० | |
| | | | | ११ | मौज्दात | | ७२६८००६९.८५ |
| | | | | | (क) नगद | ०.०० | |
| | | | | | (ख) बैंक मौज्दात (सञ्चित कोषमा अल्या) | ६१३४८२९२.८० | |
| १२ | लगानीको साँवा फिर्ता | | | | (ग) धरौटी खातामा मौज्दात | ४८९९३६६.०० | |
| १३ | अन्य विविध कार्य | | | | (घ) प्रकोप व्यवस्थापन कोष | ४८१४२०७.५५ | |
| | | | | | (ङ) विविध खर्च खाता | १६१८२०३.५० | |
| | **जम्मा** | **५०८२४९५१८.७३** | **५०८२४९५१८.७३** | | | **५०८२४९५१८.७३** | **५०८२४९५१८.७३** |